"स्वच्छ, निष्पक्ष र प्रतिस्पर्धात्मक छनौट, लोक सेवा आयोगको दृढ अठोट"
"निजामती सेवाको सपना, समृद्ध नेपालको रचना"

www.psc.gov.np

लोक सेवा आयोग
# समाचार पत्र

A Trimester Newsletter of
Public Service Commission, Nepal

वर्ष - ६ | अंक - २ | पूर्णाङ्क - १८ | कार्तिक - पौष २०७२

## लोक सेवा आयोग ऐन, २०७२ को मस्यौदा बारे छलफल तथा अन्तरक्रिया सम्पन्न



*(लोक सेवा आयोग ऐन, २०७२ को मस्यौदा सम्बन्धमा छलफल तथा अन्तरक्रिया कार्यक्रममा सहभागीहरु)*

लोक सेवा आयोग ऐन, २०६६, नियमावली, २०६७ तथा लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०६७ लोक सेवा आयोगका कार्य सम्पादनका प्रमुख आधार स्तम्भहरु हुन् तर मिति २०७२ असोज ३ गतेदेखि नेपालको अन्तरिम संविधान, २०६३ खारेज भई जननिर्वाचित संस्था संविधान सभाबाट जारी भएको नेपालको संविधान लागू भईसकेको छ । संघीय शासन व्यवस्था सहित पारीत भएको उक्त संविधानमा अन्य विषय जस्तै लोक सेवा आयोगको काम, कर्तव्य, अधिकारका सम्बन्धमा पनि धेरै परिवर्तित व्यवस्था रहेका छन् । नेपाल सरकारबाट निवृत्तिभरण पाउने पदमा लोक सेवा आयोगको परामर्श विना स्थायी नियुक्ति नगरिने, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, अन्य संघीय सरकारी सेवा र संगठित संस्थाको पदपूर्ति गर्दा लिइने लिखित परीक्षा लोक सेवा आयोगले सञ्चालन गर्ने, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र अन्य सरकारी सेवाको पदमा बढुवा गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा लोक सेवा आयोगको परामर्श लिनुपर्ने, संगठित संस्थाले आफ्नो सेवाको कर्मचारीको सेवा शर्त सम्बन्धी कानून र कर्मचारीको नियुक्ति, बढुवा वा विभागीय कारवाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा

### समावेश भएका विषयवस्तुहरु


- **लोक सेवा आयोग ऐन, २०७२ को मस्यौदा बारे छलफल तथा अन्तरक्रिया सम्पन्न**
- **आयोगका माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनालीको जिल्ला भ्रमण**
- **आयोगबाट सरुवा हुनुभएका सचिव श्री विष्णुप्रसाद लम्सालको बिदाइ**
- **आयोगका महत्वपूर्ण निर्णयहरु**
- **आयोगमा/आयोगबाट कर्मचारीहरुको सरुवा/काज/पदस्थापना सम्बन्धी विवरण**
- **आयोगका पदाधिकारी/कर्मचारीहरुबाट स्वदेश तथा विदेश भ्रमण/तालिम**
- **आर्थिक वर्ष २०७२/७३ को दोस्रो त्रैमासिक अवधिको कार्यसम्पादन स्थिति** (**२०७२ कार्तिकदेखि पौष मसान्तसम्म**)
- **अन्तर्वार्ता**
  - (क) नेपाल प्रशासन सेवा, राजस्व समूह, राजपत्रांकित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह (अप्राविधिक) पदमा महिलातर्फ सिफारिश हुनु भएका उमेदवार श्री बिमला पौडेल,
  - (ख) नेपाल न्याय सेवा, कानून समूह, राजपत्रांकित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह (अप्राविधिक) पदमा खुलातर्फ सिफारिश हुनु भएका उमेदवार श्री विश्वदीप वेम्ना,
  - (ग) नेपाल प्रशासन सेवा, राजस्व समूह, राजपत्रांकित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह (अप्राविधिक) पदमा खुलातर्फ सिफारिश हुनु भएका उमेदवार श्री होमप्रसाद पराजुली,
  - (घ) नेपाल प्रशासन सेवा, राजस्व समूह, राजपत्रांकित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह (अप्राविधिक) पदमा दलिततर्फ सिफारिश हुनु भएका उमेदवार श्री हुर्मतबहादुर मिजार,
  - (ङ) नेपाल परराष्ट्र सेवा, राजपत्रांकित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह (अप्राविधिक) पदमा आदिवासी/जनजातितर्फ सिफारिश हुनु भएका उमेदवार श्री जिमसन रुम्दाली राई
- **सूचनामूलक लेख**
- **सूचनाको हकसम्बन्धी ऐन, नियमावली अनुसार सार्वजनिक गर्नुपर्ने विवरण**
- **आयोगको आर्थिक वर्ष २०७२/७३ को वार्षिक कार्यतालिका**


सम्पादक मण्डल :
शंकरप्रसाद पौडेल, अध्यक्ष (सहसचिव)
गीता कुमारी होमेगाई, सदस्य (उपसचिव)
सूर्य प्रसाद सापकोटा, सदस्य-सचिव (शाखा अधिकृत)

लोक सेवा आयोगको परामर्श लिनुपर्ने, प्रदेश लोक सेवा आयोग सम्बन्धी आदि विषयहरु सम्बन्धमा नयाँ व्यवस्था रहेका छन् । नेपालको संविधानको धारा २४४ को उपधारा (२) मा प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुने, यस प्रयोजनका लागि संघीय संसदले कानून बनाई आधार र मापदण्ड निर्धारण गर्ने भन्ने व्यवस्था उल्लेख भएबाट लोक सेवा आयोग ऐन, नियमावली परिमार्जन गरी नयाँ बनाउनुपर्ने आवश्यकता भएको हो । आयोगका माननीय अध्यक्षबाट मिति २०७२।६।१४ को निर्णयानुसार आयोगको ऐन, २०६६ लाई नेपालको संविधानमा भएका व्यवस्था अनुरुप परिमार्जन गर्नका लागि पूर्व मन्त्रि तथा कानून सचिव श्री हरिप्रसाद न्यौपानेलाई विज्ञका रुपमा जिम्मेवारी प्रदान गरिएको थियो । विज्ञबाट प्राप्त लोक सेवा आयोग ऐन, २०७२ को मस्यौदा सम्बन्धमा विज्ञसँग अन्तरक्रिया, छलफल गर्न, सुझाव दिन, मस्यौदामा परिमार्जन गर्न आयोगका सचिव श्री विष्णुप्रसाद लम्सालको संयोजकत्वमा एक कार्यदल समेत गठन भएको थियो ।

विज्ञबाट तयार गरी प्राप्त भएको लोक सेवा आयोग विधेयक, २०७२ को सम्बन्धमा आयोगबाट मिति २०७२।७।२३ मा अन्तर क्रियात्मक कार्यक्रमको आयोजना गरियो । उक्त कार्यक्रममा आयोगका माननीय अध्यक्ष, माननीय सदस्यहरु, नेपाल सरकारका मुख्य सचिव श्री सोमलाल सुवेदी, लोक सेवा आयोगका सचिव श्री विष्णुप्रसाद लम्साल, लोक सेवा आयोगका पूर्व अध्यक्ष श्री तिर्थमान शाक्य, आयोगका पूर्व पदाधिकारीहरु (अध्यक्ष डा. कयोदेवी यमी, सदस्यहरु श्री कृष्ण पोखरेल, डा. मधुनिधि तिवारी, प्रा. डा. भिमदेव भट्ट, श्री राजेन्द्र शाह, श्री टिकादत्त निरौला), नेपाल सरकारका पूर्व मुख्य सचिव श्री दामोदरप्रसाद गौतम, आयोगका पूर्व सचिव श्री सुशिल जंगबहादुर राणा, श्री केशव प्रसाद भट्टराई, श्री नाथुप्रसाद चौधरी) सचिवहरु श्री कमलशाली घिमिरे (प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय), श्री टंकमणी शर्मा, (सामान्य प्रशासन मन्त्रालय), श्री माधव पौडेल, (पूर्व सचिव, पूर्व मन्त्रि), श्री मोहन बन्जाडे, (पूर्व सचिव), डा. रविन्द्रकुमार शाक्य, (पूर्व सचिव), श्री काशीराज दाहाल, (अध्यक्ष प्रशासकीय अदालत), श्री भरतबहादुर थापा (अध्यक्ष, पूर्व कर्मचारी परिषद्), श्री उमेशचन्द्र झा, (अध्यक्ष, कानून सुधार आयोग), विभिन्न मन्त्रालयका सहसचिवहरु तथा आयोगका कर्मचारीहरु उपस्थित भई प्रस्तुत विधेयक उपर आ-आफ्नो धारणा प्रस्तुत गर्नुभएको थियो ।

आयोगका सचिव श्री विष्णुप्रसाद लम्सालले उपस्थित सहभागीहरुलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो । सो क्रममा उहाँले लोक सेवा आयोगको ऐतिहासिक पृष्ठभूमि, संवैधानिक र कानूनी विकासक्रम तथा वर्तमान संवैधानिक व्यवस्थाका सम्बन्धमा उल्लेख गरी संविधानत विस्तारित आयोगको कार्यक्षेत्र, महत्व र सोको लागि लोक सेवा आयोगको विधेयक, २०७२ आवश्यकता परेको, सो तयार भएकोमा विज्ञहरुको राय लिई संसदमा स्वीकृतिका लागि पठाउनुपर्ने हुँदा सहभागीबाट महत्वपूर्ण सुझाव र सल्लाहका लागि आग्रह गर्नुभयो ।

विज्ञ श्री हरिप्रसाद न्यौपानेले मस्यौदा विधेयकमा रहेका आयोगका विभागीय सजाय, बढुवा तथा सार्वजनिक संस्थाहरुको कर्मचारीको सेवा शर्तका सम्बन्धी कानूनका यी विषयमा आयोगले उपलब्ध गराउने परामर्श र कार्यान्वयनमा देखिएका समस्याहरु र चुनौती प्रदेश लोक सेवा आयोगको संवैधानिक व्यवस्था तथा प्रदेश लोक सेवाका मापदण्ड र आधारहरु आदि विषयमा प्रस्तुत गर्नुभयो ।

प्रस्तुत विधेयक उपर सहभागीहरुबाट आयोगको बढ्दो जिम्मेवारीले योग्यता प्रणालीमा असर गर्न नहुने/सहयोगी भूमिका निर्वाह गर्नुपर्ने, ऐनमा कार्यविधिगत व्यवस्था कम हुनुपर्ने, ऐन कार्यान्वयन योग्य र व्यवहारिक हुनुपर्ने, प्रदेश र स्थानीय तहको निजामती सेवाको संरचना स्पष्ट गर्नुपर्ने, आयोगका अध्यक्षले निर्णायक मत दिने व्यवस्था हुनुपर्ने, हालका संरचनाहरुको अवस्था के हुने सो समेत स्पष्ट हुनुपर्ने लगायतका विषयमा सुझावहरु प्राप्त भएका थिए । आयोगका माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनालीले नेपालको संविधान अनुरुप आयोगको कार्यक्षेत्रमा विस्तार भएको, सो अनुरुप नयाँ ऐन बनाई कार्यान्वयनमा लैजानुपरेको, आयोगका लागि यो परिवर्तन अवसरको रुपमा आएको केन्द्र र प्रदेशको कार्यहरु समन्वयात्मक रुपमा हुनेगरी व्यवस्था गर्नुपर्ने उल्लेख गर्नुभयो ।

**आयोगका माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनालीको जिल्ला भ्रमण**

आयोग अन्तर्गत क्षेत्र तथा अञ्चलस्तरमा रहेका निर्देशनालय/कार्यालयहरुको भौतिक तथा व्यवस्थापकीय अवस्थाको निरीक्षण, अवलोकनका साथै निजामती सेवा लगायत सार्वजनिक सेवामा गर्नुपर्ने सुधार सम्बन्धमा छलफल र सुझाव संकलन गर्ने उद्देश्यका साथ आयोगका माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनालीले मिति २०७२/९/११ देखि १५ सम्म पोखरा, बाग्लुङ तथा लमजुङ जिल्ला भ्रमण गर्नु भएको थियो । मिति २०७२।९।११ गते उहाँले आयोगको पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखराको सबै कार्यकक्षहरुको निरीक्षण गर्नुभयो । निरीक्षण अवलोकन क्रममा आयोगका क्षेत्रीय निर्देशक श्री मुकुन्द शर्मा ढकालले निर्देशनालयमा हाल भइरहेको कामकाज गर्ने क्रममा अनुभव गरेका सहज अनुभवहरु र निर्देशनालयका समस्या तथा कठिनाईहरुका सम्बन्धमा प्रस्तुत गर्नु भएको थियो । क्षेत्रीय निर्देशकले निर्देशनालयमा कामको वोझको आधारमा दरबन्दी कम भएको, कम्प्युटर, सवारी साधन, फर्निचर पर्याप्त नभएको, आवश्यकता भन्दा धेरै कम रकम विनियोजन हुँदा सिमित बजेटमा काम गर्न कठिनाई परेको समस्याहरु प्रस्तुत गर्नु भयो ।

सम्बोधनका क्रममा आयोगका माननीय अध्यक्षले लोक सेवा आयोग जनविश्वास आर्जन गरेको संस्था भएकोले यसको In build system लाई अझ मजबुत बनाउनुपर्ने, पवित्रता र गोप्यता भत्कन नदिन प्रयत्नशील हुनुपर्ने, लोक सेवा आयोगको वर्तमान संरचनाले नेपालको

संविधानले उल्लेख गरेका थप दायित्व निर्वाह गर्न चुनौती रहेको, आयोगले नेपालको संविधान अनुसार लोक सेवा आयोग ऐन तयारी गरेको र उक्त ऐन पहिलो ऐनको रुपमा संसदमा पठाउने तयारी भैरहेको, लोक सेवा आयोग सम्बन्धी नीति समेत ल्याइने, आयोगका काम कारवाही प्रभावकारी रुपमा सम्पन्न गर्नका लागि कार्यालय प्रमुखहरुबाट राय सुझाव प्रतिक्रिया लिई अघि बढ्नु पर्ने र कतैबाट औंला उठाउन नपाउने गरी काम गर्न निर्देशन दिनुभयो ।

मिति २०७२।९।१२ गते आयोगको पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय पोखरामा उहाँ आयोगबाट सञ्चालन भएको अनलाईन दरखास्त (Online Application) सम्बन्धी क्षेत्रीय पुनर्ताजगी तालिमको उद्घाटन कार्यक्रममा सहभागी हुनुभयो । उद्घाटनसत्रमा उहाँले लोक सेवा आयोगले अनलाईन दरखास्त सम्बन्धी कार्यको सुरुवात गरी अत्याधुनिक प्रविधिलाई अपनाएको, यस्ता प्रविधिले सेवा प्रदायक र सेवाग्राही बीचको दूरी घटाउनुको साथै गुणस्तरीय र भरपर्दो सेवाको सुनिश्चिता गर्ने उल्लेख गर्नु भयो । साथै उहाँले आयोगले अवलम्बन गरेको अनलाईन दरखास्त सम्बन्धमा प्रविधिको प्रयोगबाट आइपर्ने नकारात्मक पक्षहरुलाई न्यूनिकरण गर्दै सकारात्मक सोचबाट अगाडी बढ्नतर्फ सचेत समेत गर्नुभयो ।

यसै क्रममा मिति २०७२/९/१२ गते पोखरा र १३ गते बाग्लुङस्थित सरकारी कार्यालयका प्रमुखहरु एवं प्रतिनिधिहरुबीच नेपालको संविधानले प्रदान गरेका जिम्मेवारी र सो अनुरुप सार्वजनिक सेवा प्रवाहमा गर्नुपर्ने सुधार विषयक अन्तरक्रिया कार्यक्रममा संलग्न हुनुभयो । माननीय अध्यक्षज्यूको प्रमुख आतिथ्यमा सञ्चालित उक्त कार्यक्रममा पश्चिमाञ्चल क्षेत्रीय प्रशासन कार्यालयका क्षेत्रीय प्रशासक, सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीहरु, स्थानीय विकास अधिकारीहरु, लोक सेवा आयोग, पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालयका क्षेत्रीय निर्देशक, जिल्लास्थित सरकारी एवं संगठित संस्थानका क्षेत्रीय कार्यालय प्रमुख/प्रतिनिधिहरु, अञ्चलस्तरीय सुरक्षा निकाय तथा संगठित संस्थाका प्रमुख एवं प्रतिनिधिहरु, जिल्ला स्तरीय सार्वजनिक संघ, संस्थाका प्रमुख/प्रतिनिधिहरु सञ्चारकर्मी आदिको उपस्थिति रहेको थियो ।





*(जिल्ला भ्रमणका क्रममा आयोजित अन्तरक्रियात्मक कार्यक्रमको झलक)*

अन्तरक्रिया कार्यक्रममा सहभागीहरुले लामो समयदेखि निजामती कर्मचारीहरुको दरबन्दी पुनरावलोकन हुन नसकेको, कर्मचारीको सरुवा सामान्यतया दुई वर्षमा हुने गरेको तर यसमा एकरुपता कायम नभएको, परिवर्तित व्यवस्था अनुसार केन्द्र, प्रदेश र संघमा कर्मचारी व्यवस्थापन गर्ने विषय, आरक्षणको व्यवस्थामा पुनरावलोकन हुनुपर्ने, राजपत्राङ्कित विशिष्ट श्रेणी (सचिव पद) को बढुवाको लागि गरिएको समूहीकरण (Clustering) प्राविधिक पदहरुको पक्षमा नभएको, निजामती सेवा ऐन, २०४९ को दफा २४घ१ अनुसार भएको विगतको बढुवा समायोजन अस्तव्यस्त रहेको आदि विषयमा जिज्ञासा तथा भनाईहरु व्यक्त गर्नु भएको थियो । छलफल एवं अन्तरक्रियाका क्रममा माननीय अध्यक्षले सहभागीबाट प्रस्तुत न्यूनतम योग्यता तोकिएका पदहरुमा उच्च योग्यताका प्रतिस्पर्धी बढ्ने क्रम रहेको, आयोगबाट सञ्चालित परीक्षामा बौद्धिक प्रश्नहरु संलग्न प्रश्नपत्र परीक्षार्थीले लान पाउनुपर्ने, लोक सेवा आयोगले परीक्षार्थीको प्राप्ताङ्क उपलब्ध गराउनु पर्ने, समावेशी पदमा रहेका अपाङ्गता प्रमाणपत्रको दुरुपयोग लगायतका विकृति हटाउनु पर्ने, निजामती सेवा प्रवेशको उमेर १८ बाट १६ वर्षमा झार्नुपर्ने, खरिदार पदबाट नायब सुब्बा र नायब सुब्बाबाट शाखा अधिकृतको बढुवाका लागि आन्तरिक प्रतियोगितात्मक परीक्षाको व्यवस्था गरिनु पर्ने, विद्यालय स्तरको पाठ्यक्रममा कानूनी शिक्षा राखिनुपर्ने लगायतका विषयहरुका सम्बन्धमा सम्बोधन गर्नुभएको थियो ।

साथै मिति २०७२/९/१४ गते लमजुङ, बेसीशहरमा आयोगद्वारा सञ्चालित पाठ्यक्रम, परीक्षा प्रणाली तथा परीक्षण विधि सम्बन्धी अन्तरक्रिया कार्यक्रममा संलग्न हुनु भयो । जिल्लाका प्रमुख जिल्ला अधिकारी, जिल्ला शिक्षा अधिकारी, स्थानीय विकास अधिकारी लगायत जिल्लास्थित कार्यालयका कर्मचारीहरु समेतको संलग्नतामा सञ्चालित उक्त कार्यक्रममा लोक सेवा आयोगले अवलम्बन गरेका परीक्षण प्रणाली वस्तुनिष्ठ तथा समयसापेक्ष हुनुपर्ने, विभिन्न पदहरुका लागि निर्धारण हुने शैक्षिक योग्यता स्पष्ट रुपमा तोकिनु पर्ने, प्राविधिक पदहरुका लागि उमेदवार छनौट विधिलाई अझ प्रभावकारी बनाउनु पर्ने, राजपत्र अनंकित श्रेणीका कर्मचारीलाई पदस्थापना गर्नु अघि तालिमको व्यवस्था गर्नुपर्ने लगायतका विषयमा सहभागीहरुबाट प्रस्तुत जिज्ञासाहरुलाई सम्बोधन गर्नुभएको थियो ।

आयोगका माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनालीले आयोगको नयाँ ऐन तयार भईसकेको तर व्यवस्थापिका-संसदबाट पास भई नसकेको आयोगको सेवा शर्त सम्बन्धी सिद्धान्त अनुसार अगाडि बढिरहेको, आयोगबाट लिने परीक्षा प्रणालीमा Assement Center Technology/Compency Mapping जस्ता नयाँ प्रणाली अवलम्बन गर्न लागिएको, संक्रमणकालिन अवस्थामा देखापर्ने सकसको समाधान सबै मिलेर गर्नुपर्ने लगायतका विषयमा प्रष्ट पार्नुभएको थियो ।

**आयोगबाट सरुवा हुनुभएका सचिव श्री विष्णुप्रसाद लम्सालको बिदाई**

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७१/४/२२ को निर्णयानुसार सचिव पदमा बढुवा भई यस आयोगमा मिति २०७२ भाद्र २ गतेदेखि बहाली भई २०७२/९/१२ सम्म लोक सेवा आयोगमा कार्यरत सचिव श्री विष्णुप्रसाद लम्सालको सरुवा भएकोले बिदाइको लागि आयोगबाट मिति २०७२/९/२९ गते एक कार्यक्रम आयोजना गरियो । उहाँ नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७२/९/१० को निर्णय अनुसार आपूर्ति मन्त्रालयमा सरुवा हुनु भएको थियो ।

बिदाइका क्रममा आयोगका माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनाली, माननीय सदस्यहरु श्री विन्द्रा हाडा (भट्टराई), डा. गोविन्दप्रसाद कुसुम, श्री श्रीपुरुष ढकाल, श्री अशोककुमार झा, श्री ब्रह्मदेव राय, श्री कृष्णचन्द्र झा, आयोगका निमित्त सचिव श्री लोकहरि पाण्डे, महाशाखा प्रमुखहरु, शाखा प्रमुखहरु र सबै कर्मचारीहरु तथा मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय कमलपोखरीका क्षेत्रीय निर्देशक तथा अन्य कर्मचारीहरु समेत उपस्थित हुनुहुन्थ्यो ।

बिदाइको क्रममा आयोगका निमित्त सचिव श्री लोकहरि पाण्डेले उहाँको कार्यकालमा धेरै उदाहरणीय कार्यहरु भएका, अनलाइन दरखास्त लिने कार्यको सुरुवात भएबाट आयोगले Technology मा Shift हुने अवसर प्राप्त गरेको, काम गर्ने क्रममा कर्मचारी तथा सहयोगीहरुका लागि उत्प्रेरक र कार्यमैत्री वातावरणमा कार्य सम्पन्न गर्ने क्षमता उहाँमा रहेको धारणा व्यक्त गर्नुभएको थियो ।



*(आयोगका माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनाली आयोगबाट सरुवा हुनु भएका सचिव श्री विष्णुप्रसाद लम्साललाई बिदाइको क्रममा मायाको चिनो प्रदान गर्नुहुँदै)*

बिदाइको क्रममा सचिव श्री विष्णुप्रसाद लम्सालले आफ्नो १६ महिने कार्यकालमा आफू आउने वित्तिकै यसपूर्वको आयोगको कार्यकाल समाप्त भएको र नयाँ आयोग गठन नभएकोले आयोग पदाधिकारीविहीन अवस्थामा काम, कारवाही अगाडि बढाउनु परेको, मिति २०७२/१/१२ को विनाशकारी भूकम्पका कारण आयोगका लिखित परीक्षा, अन्तर्वार्ता लगायतका कार्यक्रमहरु प्रभावित भई तिनलाई व्यवस्थापन गर्नुपरेको तथा नेपालको संविधान जारी भई लोक सेवा आयोगको कार्यक्षेत्र, जिम्मेवारीमा भएको परिवर्तनको लागि तयार हुनु परेको जस्ता महत्वपूर्ण तीन संक्रमणकालको सामना गरी सोही अनुरुप समायोजन गर्न आयोग सक्षम भएको धारणा व्यक्त गर्नुभयो । साथै आयोगबाट अनलाइन दरखास्त लिने कार्य उदाहरणीय भएकोले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले एशियाली विकास बैंकद्वारा सञ्चालित आयोगको सूचना प्रविधि आयोजनालाई पुरस्कृत गर्न लागेको जानकारी प्राप्त गरेको, यो साह्रै गौरवको कुरा रहेको धारणा व्यक्त गर्नुभयो । आफ्नो कार्यकालमा सहयोग गर्ने आयोगका माननीय अध्यक्ष, माननीय सदस्यहरु तथा सबै कर्मचारीहरुप्रति उहाँले आभार र धन्यवाद व्यक्त गर्नुभएको थियो ।

बिदाइको क्रममा आयोगका माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनालीले आयोगबाट सञ्चालित अनलाईन दरखास्त संकलनको कार्य चुनौतीपूर्ण रहेको, सो उहाँको नेतृत्वमा सफल भएकोमा धन्यवाद व्यक्त गर्नुभयो । उहाँले सचिवज्यूमा रहेको खराब काम मेरो राम्रो काम अरुको भन्ने नेतृत्वशैली, टेबुलमा फाइल नराख्ने, निर्णय गर्दा हतोत्साहित नहुने जस्ता गुणहरुबारे प्रकाश पार्नुभयो ।

करिब १६ महिना आयोगमा व्यतित गर्नुभएका उहाँको कार्यकालमा आयोगले अनलाईन माध्यमबाट दरखास्त लिने, आयोगबाट प्रतिनिधित्व हुने संगठित संस्थाको पदपूर्तिका विषयमा मापदण्ड तयारी तथा कार्यान्वयन गर्ने, राजपत्रांकित प्रथम तथा द्वितीय श्रेणीका पदहरुको उत्तरपुस्तिका विज्ञहरुबाट आयोगमै बसेर परीक्षण गर्नुपर्ने लगायतका विषयहरुमा सुधारका कार्यहरु भएका थिए ।

---

**आयोगका महत्वपूर्ण निर्णयहरु :**

१) आर्थिक वर्ष २०७२/७३ देखि प्राविधिकतर्फको नेपाल आर्थिक योजना तथा तथ्याङ्क, नेपाल इञ्जिनियरिङ्ग, नेपाल कृषि, नेपाल वन, नेपाल विविध र नेपाल शिक्षा सेवाका राजपत्रांकित तृतीय श्रेणी एवं स्वास्थ्य सेवाको सातौं र आठौं तहका पदहरुको परीक्षा योजनाको द्वितीय चरणमा १० पूर्णाङ्क (समय ३० मिनेट) को सामूहिक परीक्षण (Group Test) समावेश गर्ने गरी आयोगबाट मिति २०७२/७/२४ मा निर्णय भएको ।

२) लोक सेवा आयोगको मिति २०७२/६/१४ को निर्णयपछि आयोगको प्रतिनिधित्व भएका संस्थाहरुमा आयोगको मिति २०७२/६/२८ को निर्णय बमोजिम नयाँ विज्ञापनको प्रक्रिया सुरु गर्न र आयोगको प्रतिनिधित्व नभएका संस्थाहरुमा संविधानको प्रावधान अनुसार आयोगका कार्यक्षेत्र भित्र पर्न आएका विषयहरुमा संस्थानहरुबाट विभिन्न चरणमा रहेका प्रक्रियाका सम्बन्धमा के गर्न उपयुक्त हुन्छ भनी गठित कार्यदलले तयार पारेको प्रतिवेदनका सन्दर्भमा देहाय बमोजिम गर्ने गरी मिति २०७२/८/३ मा निर्णय भएको ।

## कार्यदलको सिफारिश

**क) हालसम्म आयोगको प्रतिनिधित्व नभएका संस्थाहरुमा पदपूर्ति समितिमा आयोगको प्रतिनिधित्व गराउने/नगराउने विषयमा देहाय बमोजिम गर्ने :**

नेपालको संविधानको धारा २४३ को उपधारा (२) मा उल्लेखित संस्थाहरुको लिखित परीक्षा लोक सेवा आयोगले पूर्णरुपमा संचालन गर्ने गरी कानूनी एवं संस्थागत प्रबन्ध नहुँदासम्म आयोगको प्रतिनिधित्व नभएका संस्थाहरुमा पदपूर्ति समितिमा पनि आयोगको प्रतिनिधित्व गराउँदा आयोगका मूल्य मान्यता र प्रक्रियाहरु अवलम्बन हुन गई पदपूर्ति प्रक्रियामा उपयुक्त उमेदवारको छनौट गर्ने कार्य निष्पक्ष एवं भरपर्दो हुन जाने विश्वास गर्न सकिन्छ । साथै यस्तो गर्दा सो पदपूर्ति प्रक्रियाप्रति जनविश्वासमा समेत अभिवृद्धि हुन सक्छ तर यसरी प्रतिनिधित्व हुने व्यवस्था सुनिश्चित गर्न नेपालको संविधानको धारा ३०४ बमोजिम सम्बन्धित कानूनहरुमा आवश्यक संशोधन गर्नुपर्ने देखिन्छ र यसका लागि सम्बन्धित संस्थाहरुमा आयोगको प्रतिनिधित्व सम्बन्धी व्यवस्था गर्न ध्यानाकर्षण गर्न जरुरी हुन्छ ।

१) संविधानको धारा २४३ को उपधारा (२) मा उल्लेखित संस्थाहरुको कर्मचारी सेवा शर्त सम्बन्धी नियम, विनियम तथा पदपूर्ति सम्बन्धी कानूनमा संशोधन गरी लोक सेवा आयोगको प्रतिनिधित्व हुने व्यवस्था गर्न संगठित संस्थाहरुलाई जानकारी गराउने ।

२) सम्बन्धित संस्थाको नियम, विनियममा आयोगको प्रतिनिधि राख्ने व्यवस्था नहुँदासम्म आयोगबाट प्रतिनिधित्व नगराउने, तर आयोगको प्रतिनिधित्व रहने गरी सम्बन्धित संस्थाको कानूनमा व्यवस्था नभएसम्म नेपाल सरकारको सम्वद्ध मन्त्रालयद्वारा पदपूर्ति समितिमा प्रतिनिधि पठाउन अनुरोध भै आएमा पठाउने ।

३) आयोगको यस्तो प्रतिनिधित्व भएपछि आयोगको प्रतिनिधिले आयोगद्वारा स्वीकृत कार्यविधि र प्रक्रियाहरुको पूर्णपालना गरी कामहरु अगाडी बढाउन सक्ने व्यवस्था गर्ने ।

४) यस्ता संस्थाहरुमा कर्मचारी भर्ना गर्न लिखित परीक्षा संचालन गर्नु पर्दा कच्चा प्रश्नपत्र निर्माण, प्रश्नपत्र परिमार्जन र लिखित परीक्षाको उत्तरपुस्तिकामा दोहोरो कोडिङ्गका साथै रोष्टर तयार गर्ने र परीक्षणका लागि दक्ष मनोनयन गर्ने, नतिजा तयारीको काम र नतिजा प्रकाशनका कामहरु आयोगबाट गर्ने वा आयोगको प्रतिनिधि मार्फत गराउने व्यवस्था गर्ने ।

**ख) प्रक्रियाहरु अगाडि बढेका कामको बीचमा प्रतिनिधित्व गराउने/नगराउने**

उपर्युक्त उमेदवार छनौट गर्न संचालन गरिने लिखित परीक्षाका सम्बन्धमा कच्चा प्रश्नपत्र निर्माण, प्रश्नपत्र परिमार्जन, परीक्षा संचालन, उत्तरपुस्तिकाहरुको कोडिङ्ग र परीक्षण, नतिजा तयारी एवं प्रकाशन गर्दा आयोगबाट अवलम्बन गरिने विधि र प्रक्रिया विशिष्ट किसिमको छ। त्यस्तो विधि र प्रक्रियाले गर्दा आयोगको निष्पक्षता र योग्यता प्रणाली स्थापित हुन सकेको छ ।

संविधानले आयोगलाई जिम्मेवारी प्रदान गरिसकेको अवस्थामा देहाय बमोजिम गर्ने :

१) विज्ञापन प्रकाशन भै सकेको, दरखास्त संकलन भएको तर लिखित परीक्षाको कार्यक्रम प्रकाशनसम्म भएको परीक्षा संचालन भै नसकेकोसम्मका संस्थाहरुमा प्रतिनिधित्व माग भएमा खण्ड (क) को १ बमोजिम आयोगको प्रतिनिधि पठाउने ।

२) लिखित परीक्षा संचालन भै सकेको वा लिखित परीक्षाको नतिजा प्रकाशन समेत भै सकेको अवस्थामा त्यस्ता संस्थाहरुका ती विज्ञापनहरुका लागि आयोगको प्रतिनिधि नपठाउने ।

३) आयोगको प्रतिनिधित्व हुन नसक्ने यसै खण्डको २ बमोजिम कामहरुको हकमा अविलम्ब (६ महिना भित्र) सबै प्रक्रिया टुङ्ग्याउन सम्बन्धित संस्थालाई निर्देशन दिने ।

**ग) विज्ञापन भएका तर लिखित परीक्षा बाँकी रहेकाहरुको लिखित परीक्षाको विषयमा के गर्ने ?**

विज्ञापन प्रकाशन भै उमेदवारको दरखास्त संकलन भएकाको हकमा प्रश्नपत्र निर्माण लगायत परीक्षाको गोपनियता कायम गरी निष्पक्षता सुनिश्चित गर्न सकिने अवस्था हुने हुनाले देहाय बमोजिम गर्ने :

१) हाल आयोगबाट प्रतिनिधित्व भएका संस्था तथा निकायहरुमा विज्ञापन भै सकेको र लिखित परीक्षा बाँकी रहेकाहरुको हकमा माथि खण्ड (क) को व्यवस्था अनुसार प्रक्रियाहरु अगाडी बढाउन सहमति दिने ।

२) साविक बमोजिम प्रक्रिया अगाडी बढाउन सहमति दिँदा लिखित परीक्षाको लागि प्रश्नपत्र तयार गर्ने क्रममा प्रश्नपत्र मोडेरेशनको काम सम्बन्धित संस्थाबाटै लाग्ने खर्च व्यहोर्ने गरी आयोगबाट गराउने ।

३) आयोगको प्रतिनिधित्व नभएका संस्थाको हकमा माथि खण्ड (ख) को १ बमोजिम प्रतिनिधि पठाउँदा पनि सोही बमोजिम नै हुने ।

**घ) लिखित परीक्षाको नतिजा प्रकाशित भै अन्तर्वार्ता बाँकी रहेकाको हकमा के गर्ने ?**

नेपालको संविधानले आयोगलाई सुम्पिएको थप जिम्मेवारीमा त्यस्ता निकायहरुको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा संचालन गर्ने भनी स्पष्ट रुपमा उल्लेख भएको हुनाले र संविधानको धारा ३०४ ले हालको अवस्थामा तत्सम्बन्धी कानूनी व्यवस्था खारेज वा संशोधन नभएसम्म लागू हुने भन्ने व्यवस्था भएकाले लिखित परीक्षाको नतिजा प्रकाशन भएको तर अन्तर्वार्ता बाँकी रहेकाको हकमा आयोगको कुनै किसिमको संलग्नता रहनु पर्ने देखिँदैन । साथै लिखित परीक्षा समेत भै सकेको अवस्थामा लोक सेवा आयोगले अपनाउने कार्य प्रणाली तथा विधि र प्रक्रिया अवलम्बन गरिएको प्रत्याभूत नहुने हुँदा आयोगको प्रतिनिधित्व वा संलग्नता नरहनु नै उपयुक्त हुन्छ ।

संविधानको व्यवस्था कार्यान्वयन गर्न ढिलाई गर्न उचित नहुने हुँदा यस खण्ड बमोजिमका कामहरुको हकमा पनि खण्ड (ख) को ३ बमोजिम निर्देशन दिने ।

**ङ) बढुवा सम्बन्धी प्रक्रियामा के गर्ने ?**

१) नेपालको संविधानको धारा २४३ को उपधारा ४ मा संगठित संस्थाको सेवाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानून र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तका विषयमा लोक सेवा आायेगको परामर्श लिनुपर्नेछ भनी उल्लेख छ । सो व्यवस्थाबमोजिम बढुवा सम्बन्धमा लोक सेवा आयोगको सामान्य सिद्धान्तमा परामर्श लिने भएकाले नेपाल सरकार एवं सम्बन्धित संस्थाहरुसँग समन्वय गरी सो सम्बन्धी सामान्य सिद्धान्त निर्माण गरी व्यवस्थित गर्नु पर्ने देखिन्छ । पदपूर्ति

समितिले नै बढुवा सिफारिश सम्बन्धी कार्यहरु गर्ने भएकोले सम्बन्धित निकायहरुका ती समितिहरुमा माथि खण्ड (क) को प्रक्रिया अनुसार नै आयोगका प्रतिनिधित्व गराउने ।

२) लोक सेवा आयोगको सामान्य सिद्धान्त बमोजिम साविकमा परामर्श लिई सकेको नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र राष्ट्रिय अनुसन्धान विभागका विशेष सेवाका पदहरुमा कानून बमोजिम बढुवा गर्ने काम साविक बमोजिम गर्ने ।

**च) आयोगको प्रतिनिधित्व भए/नभएका संस्थाहरुमा नयाँ विज्ञापनको प्रक्रिया प्रारम्भ गर्ने/नगर्ने**

संविधानमा व्यवस्था गरेको प्रावधानहरु कानून तथा सामान्य सिद्धान्त तयार गरी पूर्ण रुपमा कार्यान्वयन गर्न केही समय लाग्ने हुँदा पदपूर्ति सम्बन्धी सम्पूर्ण प्रक्रियाहरु रोक्न मनासिव हुने देखिँदैन । तसर्थ देहाय बमोजिम गर्नेः

१) आयोगको प्रतिनिधित्व भएका संस्था/निकायहरुमा समेत आयोगको पूर्व स्वीकृति लिएर आयोगले अवलम्बन गरेका विधि प्रक्रियाहरुको मूलभाव अनुसरण गरी प्रक्रिया प्रारम्भ गर्न दिनु उचित हुन्छ ।

२) आयोगको प्रतिनिधित्व नभएका संस्थाहरुमा माथि खण्ड (क) बमोजिमका प्रक्रिया अनुसार प्रतिनिधि पठाउन सकिने नै हुँदा आयोगको प्रतिनिधित्व भएपछि यसै खण्डको (१) बमोजिम गर्न दिने ।

**छ) थप विषयः**

कुनै संगठित संस्थामा प्रमुख कार्यकारी अधिकृत (CEO) नियुक्ति गर्ने छुट्टै व्यवस्था भएको तथा प्रमुख कार्यकारी अधिकृतलाई संस्थाको नियमित कर्मचारी नमानेको तथा त्यस्तो पदको लिखित परीक्षा समेत हुने व्यवस्था नभएको हुँदा आयोगले केही गरिरहनु नपर्ने ।

३. संघीय निजामती, अन्य संघीय सरकारी तथा संगठित संस्थाको सेवाको पदमा उपयुक्त उमेदवार छनौटमा स्वच्छता, निष्पक्षता र योग्यता प्रणाली प्रवर्द्धन गरी सार्वजनिक सेवालाई पारदर्शी, उत्तरदायी र अनुमानयोग्य बनाउने उद्देश्यले २०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधानको भाग २३ मा लोक सेवा आयोगको संवैधानिक व्यवस्था गरिएको र यस संविधानमा विगतका संविधानले गरेको व्यवस्था भन्दा आयोगको भूमिका, कार्यक्षेत्रमा गरेको विस्तार व्यवस्था अनुसार आयोगको काम, कर्तव्य र अधिकार व्यवस्थित गर्न लोक सेवा आयोग ऐन, २०६६ लाई खारेज गरी लोक सेवा आयोग विधेयक, २०७२ आयोगबाट मनोनित विज्ञ श्री हरिप्रसाद न्यौपानेले तयार गर्नुभएको र आयोग तथा कार्यदलबीच छलफल भएको मस्यौदा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सैद्धान्तिक तथा मस्यौदा सहमति लिई नेपाल सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव पठाउन तथा मन्त्रिपरिषद्बाट स्वीकृत भएपछि स्वीकृतिका लागि विधेयक व्यवस्थापिका संसदमा पेश गर्ने प्रयोजनका लागि आवश्यक प्रक्रिया अघि बढाउने सन्दर्भमा "लोक सेवा आयोग ऐन, २०७२ को विधेयक मस्यौदा आवश्यक कारवाहीका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने" भनी मिति २०७२/८/१५ मा निर्णय भएको ।

४. प्रहरी प्रधान कार्यालय, मानव स्रोत विकास विभाग, भर्ना छनौट शाखाबाट नेपाल प्रहरीमा रिक्त प्रहरी जवान पदको खुला प्रतियोगिताद्वारा पदपूर्ति गर्न मिति २०७२/३/१ को गोरखापत्र दैनिकमा विज्ञापन प्रकाशित गरी ३४२ (तीन सय बयालीस) पद माग गरिएकोमा विज्ञापन पश्चात् खाली हुन आएको ३९८६ (तीन हजार नौ सय छयासी) पद समेत थप गरी कूल ४३२८ (चार हजार तीन सय अठ्ठाइस) पद समावेशी प्रावधान अनुसार लिखित परीक्षाको नतिजा प्रकाशनको लागि सहमति माग भई आएको सन्दर्भमा "विज्ञापन भएको पदसंख्या भन्दा करिब १३ औं गुणाभन्दा बढी संख्यामा पदथप गरी लिखित परीक्षाको नतिजा प्रकाशनमा समावेश गर्दा दरखास्त पेश गर्ने अन्तिम मितिसम्म शैक्षिक योग्यता र उमेर नपुगेका तर पछिल्लो पद रिक्त हुँदा योग्यता र उमेर पुगेका उमेदवारहरुको हकमा संवैधानिक हक अधिकारबाट समेत बञ्चित हुने भएकोले प्रतिस्पर्धात्मक (छनौट) परीक्षाको मूल मर्म विपरित हुने तथा नागरिकको प्रतिस्पर्धा गर्न र सहभागी हुन पाउने अधिकारबाट समेत वञ्चित हुने देखिएकोले माग बमोजिमको सहमति प्रदान गर्न नसकिने" भनी मिति २०७२/८/२४ मा निर्णय भएको ।

५. आयोगबाट मिति २०७२/८/२३ मा प्रकाशन भएको सूचना नं. ५१४/०७२-७३, ज्येष्ठता तथा कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा सम्बन्धमा निजामती सेवा नियमावली, २०५० को बाह्रौं संशोधनको नियम ८८ बमोजिम नेपाल प्रशासन सेवा, राजपत्रांकित तृतीय श्रेणीको शाखा अधिकृत पदमा बढुवाको लागि उमेदवार हुन नेपाल विविध सेवा, राजपत्र अनंकित प्रथम श्रेणी, कम्प्युटर अपरेटर पदमा कार्यरत कर्मचारीहरुले पेश गरेको बढुवा फाराम बढुवा समितिमा पेश गर्नको लागि दरखास्त दर्ता गर्ने वा नगर्ने भन्ने सम्बन्धमा द्विविधा भई निर्देशनको लागि काठमाडौं उपत्यका

दरखास्त संकलन केन्द्रबाट अनुरोध भई आएकोमा देहाय बमोजिम हुने गरी मिति २०७२/८/२९ मा निर्णय भएको :

- नेपाल विविध सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५० मा कम्प्युटर अपरेटर र सहायक कम्प्युटर अपरेटर पदमा कार्यरत कर्मचारीहरुलाई सोही नियमहरुको अनुसूची बमोजिम अप्राविधिक पदमा समेत बढुवाको सम्भाव्य उमेदवार हुन सक्ने व्यवस्था रहेको नै देखिएकोले निजामती सेवा नियमावली, २०५० को नियम ८८ बमोजिम टाइपिष्ट पदमा कार्यरत कर्मचारीले प्राप्त गरेको सुविधा कम्प्युटर अपरेटर तथा सहायक कम्प्युटर अपरेटरले पाउन सक्ने देखिएन ।

  साथै सेवा गठन गर्नु र सेवाभित्र अनुसूचित गर्नु भनेको सेवा भित्र वृत्ति विकासलाई व्यवस्थित गर्नु हो । यसर्थ कम्प्युटर अपरेटर र सहायक कम्प्युटर अपरेटर पदमा कार्यरत कर्मचारीहरुको माथिल्लो पद नभई वा योग्यता मिल्न पदहरु नभई वृत्तिपथ अवरुद्ध भएमा सेवा सञ्चालन गर्ने मन्त्रालयले उनीहरुलाई मर्का नपर्ने गरी सोही सेवा, समूह भित्र बढुवा हुन सक्ने अवसर विस्तार गरिदिन सिफारिश गर्ने ।

- राजपत्र अनंकित प्रथम श्रेणी, टाइपिष्ट पदका कर्मचारीले नेपाल प्रशासन सेवाको सामान्य प्रशासन समूह, राजस्व समूह र लेखा समूह मध्ये शैक्षिक योग्यता (निजामती सेवा नियमावली, २०५० को नियम ८८ को उपनियम ३ बमोजिम स्नातक तह उत्तीर्ण) र तालिमको विषय मिल्ने कुनै एक समूहमा मात्र दरखास्त दिन मिल्ने देखिएकोले सोही बमोजिम गर्ने ।

६. निवेदक कल्पना बस्याल घिमिरेले आफु राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धी लिखित परीक्षामा सहभागी भई अन्तर्वार्ताका लागि छनौट भएको र राष्ट्रिय मानव अधिकार आयोग कर्मचारी सेवा, शर्त र सुविधा सम्बन्धी नियमावली, २०५८ को नियम १२ (३०) मा राष्ट्रिय मानव अधिकार सम्बन्धी निकायहरुमा अस्थायी वा करार सेवामा अविच्छिन्न रुपमा काम गरी आएका कर्मचारीहरुलाई लिखित परीक्षा उत्तीर्ण भएपछि अनुभव वापत प्रतिवर्ष २ अंक प्रदान गर्ने र महिनाको हकमा दामासाहीले अंक प्रदान गर्ने र यस प्रयोजनको लागि अधिकतम अंक १५ प्रदान गर्न सकिने व्यवस्था भएको हुँदा लोक सेवा आयोगबाट तयार गरिएको पदपूर्तिका सामान्य सिद्धान्तको विपरित हुने गरी अनुभव वापत दिन सकिने अंक सम्बन्धी प्रावधानलाई पुनः विचार गर्न तथा खुला प्रतिस्पर्धाको र समानताको सिद्धान्त विपरित भएको उल्लेख गरी निवेदन दिनु भएको र सो निवेदनका सम्बन्धमा पेश हुँदा "राष्ट्रिय मानव अधिकार आयोगको कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी नियमावली, २०५८ को नियम १२ को उपनियम (३) मा भएको राष्ट्रिय मानव अधिकार निकायहरु (राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, सूचना आयोग, राष्ट्रिय दलित आयोग, आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, केन्द्रीय बालकल्याण समिति) मा अस्थायी वा करार सेवामा अविछिन्न रुपमा काम गरी आएका कर्मचारीलाई लिखित परीक्षा उत्तीर्ण भएपछि अनुभव वापत प्रतिवर्ष २ अंक प्रदान गरिनेछ र महिनाको हकमा दामासाहीले अंक प्रदान गरिनेछ । यस प्रयोजनका लागि अधिकतम अंक १५ हुनेछ भन्ने व्यवस्था सापेक्षित योग्यताका आधारमा भर्ना गर्ने, उमेदवार हरुबीच समान व्यवहार गर्ने र कसैलाई प्राथमिकतामा नराख्ने लोक सेवा आयोगको छनौट प्रक्रियाको मूलभूत सिद्धान्त विपरित भएकोले नियमावलीको उपरोक्त व्यवस्था यथावत् रहेसम्म अन्तर्वार्ता प्रक्रियामा आयोगबाट प्रतिनिधित्व नगराउने" भनी मिति २०७२/९/२ मा निर्णय भएको ।

७. आयोगको वि.नं. १६५३०-१६५३६/०७१-७२ संयुक्त तथा एकीकृत परीक्षा प्रणाली अनुसार राजपत्राङ्कित तृतीय श्रेणी (अप्राविधिक) शाखा अधिकृत वा सो सरह पदहरुको लिखित परीक्षाको नतिजामा अपाङ्गतर्फ उत्तीर्ण एक परीक्षार्थीको शारीरिक तथा मानसिक कुनै किसिमको अपाङ्गता नभई आरक्षण प्रयोजनका लागि मात्र अपाङ्गता परिचयपत्र बनाएकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट छानबिन गरी आवश्यक कारवाही गर्न माग भई आएको सन्दर्भमा, अपाङ्गता सम्बन्धी प्रश्नहरु बराबर उठ्ने गरेकोमा आयोगको मिति २०७२/९/२ मा देहाय अनुसार निर्णय भएको :

- निजामती सेवा ऐन, २०४९ को दफा ७ (ङ) मा खुला प्रतिस्पर्धाद्वारा पूर्ति हुने पदमध्ये अपाङ्ग मध्येबाट ५% पदहरु पूर्ति हुने व्यवस्था रहेको, यस बमोजिम अपाङ्गहरुबीच मात्र प्रतिस्पर्धा गर्न पाउने गरी प्रतिस्पर्धात्मक परीक्षाद्वारा पूर्ति गरिनेछ भन्ने व्यवस्था रहेको, निजामती सेवा नियमावली, २०५० को नियम १४(क) मा ऐन तथा नियमावली बमोजिम अपाङ्गका लागि निर्धारित पदमध्ये कुन पद कुन किसिमका अपाङ्गका लागि उपयुक्त र अनुपयुक्त हुने भन्ने सम्बन्धमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ ।

  नेपाल सरकारले हालसम्म नेपाल राजपत्रमा त्यस्तो सूचना प्रकाशन गरेको नदेखिएको हुँदा ऐन र नियमावलीको यो

व्यवस्थाको कार्यान्वयन विवादित बन्न गएको विषयमा आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

अतः निजामती सेवा ऐनको दफा ७ को उपदफा (७) लाई कार्यान्वयन गर्ने व्यवस्था गर्न व्यवस्था भएको सोही दफाको उपदफा (८) र निजामती सेवा नियमावली १४(क) बमोजिम नेपाल सरकारले प्रकाशन गर्नुपर्ने सूचना प्रकाशन नगरेको कारणबाट यी प्रावधानहरुको कार्यान्वयनमा विवाद आउने गरेको तथ्यलाई हृदयङ्गम गर्दै नियमावलीको नियम १४(क) बमोजिमको काम अविलम्ब गरी निजामती सेवा ऐन र नियमावलीको भावना अनुसार यसको कार्यान्वयन गर्ने गराउने व्यवस्था हुन नेपाल सरकारका मुख्य सचिव र सामान्य प्रशासन मन्त्रालयका सचिवलाई लेखि पठाउने ।

८. लोक सेवा आयोगबाट लिइने लिखित परीक्षाका उत्तरपुस्तिकाहरुमा दोस्रो कोड नं. कायम गरी सकेपश्चात प्रचलित ऐन, नियमावली तथा कार्य सञ्चालन निर्देशिका अनुसार विज्ञ परीक्षकहरुबाट परीक्षण गर्ने गरिन्छ । परीक्षार्थीको उत्तरपुस्तिका एउटा दक्षबाट एकपटक मात्र परीक्षण हुँदा हुन सक्ने कमी कमजोरी हटाई उत्तरपुस्तिकाको परीक्षणमा थप गुणस्तरीयता कायम गर्न तथा विषयगत परीक्षणको त्रुटीमा समेत कमी गर्न आयोगले तोकेको सेवा, समूह, श्रेणी तथा पदका उत्तरपुस्तिकाहरु दुईजना परीक्षकबाट परीक्षण गराई दुवैजना परीक्षकले दिएको अंकको औसत निकाली सो अंकलाई नतिजा प्रकाशनको प्रयोजनार्थ प्रयोगमा ल्याउन आयोगबाट मिति २०७२/९/६ मा देहायको निर्णय भएको :

उक्त कार्यलाई व्यवस्थित गर्न लोक सेवा आयोगको नियमावली, २०६७ मा देहाय अनुरुप संशोधन गर्ने :

लोक सेवा आयोगको नियमावली, २०६७ को नियम २० मा संशोधन

(१) लोक सेवा आयोग नियमावली, २०६७ को नियम २० को उपनियम (३) पछि देहाय बमोजिम उपनियम (४), (५) र (६) थप गर्ने ।

(४) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले तोकेको पदको परीक्षाको उत्तरपुस्तिका दोहोरो परीक्षण गराउन बाधा पर्ने छैन ।

(५) उपनियम (४) बमोजिम आयोगले दोहोरो परीक्षण गराउने निर्णय गरेकोमा प्रथम परीक्षकले आयोगबाट उपलब्ध गराएको छुट्टै सिटमा प्राप्ताङ्क उल्लेख गर्ने र द्वितीय परीक्षकले उत्तरपुस्तिकामा नै प्राप्ताङ्क उल्लेख गर्नुपर्नेछ ।

(६) उपनियम (५) बमोजिम दोहोरो परीक्षण गरिएका उत्तर पुस्तिकाको हकमा दुवै परीक्षकद्वारा दिइएको प्राप्ताङ्क जोडी औसत प्राप्ताङ्क निकाली गणना गरिनेछ ।

- राजपत्रांकित प्रथम श्रेणी (अप्राविधिक) पदहरुको उत्तर पुस्तिका दोहोरो परीक्षण गराउने

९. राजपत्रांकित प्रथम तथा द्वितीय श्रेणीको पदपूर्ति सम्बन्धी विज्ञापनको थप कागजात र अनुभव सम्बन्धी विशेष सूचनाको खण्ड (आ) मा "खुलातर्फ दरखास्त दिन चाहने उमेदवारहरुको लागि अनुभव सम्बन्धी सूचनाको (ज) मा राजपत्रांकित प्रथम तथा द्वितीय श्रेणी अन्तर्गत जुन सेवा, समूहको पदमा आवेदन गर्ने हो सो सेवा समूहको राजपत्रांकित तृतीय श्रेणीको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेपछिको अधिकृत स्तरको अनुभवलाई मात्र मान्यता प्रदान गरिनेछ" उल्लेख भएको विषयलाई उल्लेख गरी सुरु नियुक्तिबाट नै ज्येष्ठता गणना हुने भनी निजामती सेवा ऐन, २०४९ को २४घ मा भएको व्यवस्थाको प्रतिकूल हुन गएकोले नियुक्ति मितिदेखि नै अनुभवको मान्यता दिने व्यवस्था गरिदिन माग गरी श्री विष्णुप्रसाद ज्ञवालीले पेश गर्नुभएको निवेदनको सन्दर्भमा "यस विषयमा राजपत्रांकित प्रथम र द्वितीय श्रेणीको खुला प्रतियोगिताको लागि आवेदन गर्न अधिकृत स्तरको अनुभवको गणना गर्दा स्नातक तह उत्तीर्ण गरेपछिको अनुभवलाई मात्र गणना गर्ने" भनी आयोगबाट मिति २०७२/९/९ मा निर्णय भएको ।

१०. राष्ट्रिय अनुसन्धान विभागबाट अनुसन्धान अधिकृत र अनुसन्धान सहायक पदहरुको पाठ्यक्रमलाई परिवर्तित सन्दर्भमा निर्देशन सहित स्वीकृतिको लागि माग भएकोमा मिति २०७२/९/२९ मा देहाय बमोजिमको निर्णय भएको :

- राष्ट्रिय अनुसन्धान विभागमा हाल रिक्त अनुसन्धान अधिकृत र अनुसन्धान सहायक पदहरुको पूर्ति गर्न अति आवश्यक भएकोले हाललाई (एकपटक मात्र) साविककै परीक्षा प्रणाली र पाठ्यक्रमबाट पदपूर्ति प्रक्रिया अघि बढाउने ।
- अनुसन्धान अधिकृत र अनुसन्धान सहायक पदहरुको अर्को पटकको लागि पदपूर्ति गर्न विद्यमान परीक्षा प्रणाली र पाठ्यक्रममा आवश्यक पुनरावलोकन/परिमार्जन र नयाँ पाठ्यक्रम निर्माण गर्नका लागि राष्ट्रिय अनुसन्धान विभागबाट आवश्यक सहयोग एवं समन्वय लिई पुनरावलोकन कार्य यथाशीघ्र सुरु गरी ३ महिनाभित्र कार्य सम्पन्न गर्ने ।
- नेपालको संविधानको धारा २४३ को उपधारा ५ मा "नेपाल सरकारबाट निवृत्तिभरण पाउने पदमा लोक सेवा आयोगको परामर्श बिना स्थायी नियुक्ति गरिने छैन" भन्ने संवैधानिक व्यवस्था भएबमोजिम नेपाल सरकारबाट निवृत्तिभरण पाउने

पदमा स्थायी नियुक्ति गर्दा लोक सेवा आयोगको परामर्श लिनु पर्ने हुन्छ। नेपाल सरकारका विभिन्न सेवाका पदहरुमा नियुक्ति गर्न अन्यथा व्यवस्था भएको भए सो लाई हाल कार्यान्वयन नगरी उक्त संवैधानिक प्रावधानको पालना गर्न विद्यमान कानूनमा समेत आवश्यक संशोधन तथा परिमार्जन गराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखि पठाउने । साथै आइन्दा यसको अवज्ञा गरी निवृत्तिभरण पाउने गरी कुनैपनि पदमा नियुक्ति गरेमा त्यस्तो नियुक्ति संविधानको व्यवस्थाको प्रतिकूल हुने हुँदा त्यस्तो नियुक्ति नगर्न, नगराउन सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशित गर्ने ।

११. नेपालको संविधान बमोजिम प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी आधार र मापदण्ड सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७२ को विधेयक मस्यौदा आवश्यक कारवाहीका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने गरी मिति २०७२/९/२७ मा निर्णय भएको ।

## आयोगमा/आयोगबाट कर्मचारीहरुको सरुवा/काज/पदस्थापना सम्बन्धी विवरण

### (क) अन्य निकायबाट आयोग वा अन्तर्गत सरुवा तथा पदस्थापना

| क्र.सं. | पद | कर्मचारीको नाम, थर | सरुवा गर्ने निकाय | पदस्थापना गरिएको निकाय | पदस्थापना निर्णय मिति |
|---|---|---|---|---|---|
| १ | नायब सुब्बा | श्री खगेश्वरी लम्साल | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७२/९/१९ |
| २ | नायब सुब्बा | श्री राजकुमार घिमिरे | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७२/९/१९ |
| ३ | कम्प्युटर अपरेटर | श्री प्रल्हाद सत्याल | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७२/९/१९ |

### (ख) आयोगबाट अन्यत्र निकायमा सरुवा/काज/पदोन्नति सम्बन्धी विवरण

| क्र.सं. | कर्मचारीको नाम, थर र पद | सरुवा भएको निकाय | रमाना मिति | कैफियत |
|---|---|---|---|---|
| १. | श्री विष्णुप्रसाद लम्साल, सचिव | आपूर्ति मन्त्रालय | २०७२/९/१३ | सरुवा |
| २. | श्री केदारनाथ शर्मा, सहसचिव | वन तथा भू-संरक्षण मन्त्रालय | २०७२/९/१३ | सरुवा |
| ३. | श्री सुनिता भट्टराई, नायब सुब्बा | महालेखा नियन्त्रक कार्यालय | २०७२/८/१५ | पदोन्नती |
| ४. | श्री देवेन्द्र शर्मा, नायब सुब्बा | सामान्य प्रशासन मन्त्रालय | २०७२/८/१५ | पदोन्नती |

## आयोगका पदाधिकारी, कर्मचारीहरुबाट स्वदेश तथा विदेश भ्रमण/तालिम

| क्र.सं. | पद | नाम, थर | भ्रमण गरेको जिल्ला | अवधि |
|---|---|---|---|---|
| १. | मा.अध्यक्ष | श्री उमेशप्रसाद मैनाली | बाग्लुङ, लमजुङ र कास्की | २०७२/९/१२ देखि १४ गतेसम्म |
| २. | मा. सदस्य | डा.गोविन्दप्रसाद कुसुम | धनकुटा | २०७२/७/१ देखि २ गतेसम्म |
| ३. | मा. सदस्य | श्री श्रीपुरुष ढकाल | सुदूर पश्चिमाञ्चल विकासक्षेत्र | २०७२/८/२३ देखि ९/८ गतेसम्म |
| ४. | मा. सदस्य | श्री अशोककुमार झा | विराटनगर, लमजुङ | २०७२/७/२९ देखि ८/६ गतेसम्म |
| ५. | मा. सदस्य | श्री कृष्णचन्द्र झा | पोखरा | २०७२/७/२३ देखि २५ गतेसम्म |
| | | | जलेश्वर, हेटौंडा | २०७२/८/२० देखि २९ गतेसम्म |
| | | | पोखरा | २०७२/९/२८ देखि १०/६ गतेसम्म |

## आर्थिक वर्ष २०७२/७३ को दोस्रो त्रैमासिक अवधिको कार्यसम्पादन स्थिति (२०७२ कार्तिक देखि पौष मसान्तसम्म)

### १. विज्ञापन, दरखास्त संकलन, लिखित परीक्षा सञ्चालन, लिखित परीक्षाको नतिजा प्रकाशन, अन्तर्वार्ता एवं सिफारिश सम्बन्धी विवरण

| श्रेणी | प्रकाशित विज्ञापन संख्या | | संकलन भएका दरखास्त संख्या | | लिखित परीक्षामा सम्मिलित परीक्षार्थी संख्या | | | अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवार संख्या | | | सिफारिश भएका उम्मेदवार संख्या | | | बैकल्पिक सिफारिश भएका उम्मेदवार संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अप्रा. | प्रा. | अप्रा. | प्रा. | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| राजपत्रांकित प्रथम | ० | ० | १३४९ | ८२६ | ११५ | १४७३ | १५८८ | ० | ५८ | ५८ | ० | ० | ० | ० | ० | ० |
| राजपत्रांकित द्वितीय | ० | ० | ३९३७ | १७९२ | ५४३ | २४५७ | ३००० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| राजपत्रांकित तृतीय | ७५० | ८८८ | २४६९५ | २२१२२ | ० | ० | ० | ० | ० | ० | १४२ | ४२४ | ५६६ | ० | ० | ० |
| राजपत्र अनंकित प्रथम | ११६४ | ० | ० | ० | १ | २ | ३ | ६२७ | १४६५ | २०९२ | २९८ | १०१३ | १३११ | ० | ० | ० |
| राजपत्र अनंकित द्वितीय | ० | ० | ० | ० | ० | ३ | ३ | ३२८३ | २८९१ | ६१७४ | २९७ | ३०२ | ५९९ | ६ | १९ | २५ |
| जम्मा | १९१४ | ८८८ | २९९८१ | २४७४० | ६५९ | ३९३५ | ४५९४ | ३९१० | ४४१४ | ८३२४ | ७३७ | १७३९ | २४७६ | ६ | १९ | २५ |

### २. विभागीय सजायको परामर्श सम्बन्धी विवरण

| श्रेणी | विभागीय सजायको लागि परामर्श पठाइएको संख्या |
|---|---|
| रा.प.प्रथम | ० |
| रा.प.द्वितीय | ४ |
| रा.प.तृतीय | ५ |
| रा.प.अनं.प्रथम | ० |
| रा.प.अनं.द्वितीय | २ |
| श्रेणी विहीन | २ |
| जम्मा | १३ |

### ३. कूल बजेट खर्च रकम

| क्र.सं. | खर्च शीर्षक | रकम (रु. मा) |
|---|---|---|
| १ | चालु खर्च | ५,६४,७६,१४२/- |
| २ | पूँजीगत खर्च | ७,६४,०३४/- |
| | **जम्मा** | ५,७२,४०,१७६/- |

## अन्तर्वार्ता:

**संयुक्त तथा एकीकृत परीक्षा प्रणाली अनुसार राजपत्राङ्कित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह (अप्राविधिक) पदको लागि आयोगले लिएको परीक्षामा सफल भई नेपाल प्रशासन सेवा अन्तर्गत राजस्व समूहमा महिलातर्फबाट सिफारिश्न हुनुभएका श्री बिमला पौडेल**



*श्री बिमला पौडेल*

१) **राजपत्रांकित तृतीय श्रेणी अप्राविधिक तर्फको संयुक्त तथा एकीकृत परीक्षा प्रणाली अनुसार आयोगले लिएको शाखा अधिकृत वा सो सरह पदमा सफल भई नेपाल प्रशासन सेवा अन्तर्गत राजस्व समूहमा सिफारिश हुनुभएकोमा बधाई छ। उक्त परीक्षाको लागि तोकिएको शैक्षिक योग्यता र निर्धारित पाठ्यक्रमका सकारात्मक विषय र सुधार गर्नुपर्ने विषयहरु के कस्तो महसुस गर्नु भएको छ ? सुझाव दिनुहोस्।**

☞ सर्वप्रथम लोक सेवा आयोगले मलाई यो अवसर प्रदान गरेकोमा हार्दिक धन्यवाद दिन चाहन्छु। निजामती सेवाको पदमा नियुक्तीका लागि उपयुक्त उमेदवारको छनौट गर्न परीक्षा सञ्चालन गर्नु लोक सेवा आयोगको प्रमुख कर्तव्य हो। परीक्षाको लागि तोकिएको शैक्षिक योग्यता र पाठ्यक्रमको सकारात्मक विषयको सन्दर्भमा निजामती सेवाको प्राविधिक र अप्राविधिक पदको लागि विषयसँग सम्बन्धित शैक्षिक योग्यताको निर्धारण गरिएको छ। शैक्षिक योग्यताको निर्धारण गर्दा सेवा सञ्चालन गर्ने निकायले लोक सेवा आयोगको परामर्श लिनुपर्ने व्यवस्था छ। पाठ्यक्रम निर्धारणको लागि विज्ञहरुको व्यवस्था छ। शाखा अधिकृत वा सो भन्दा मूनिको पदमा General Knowledge, Aptitude Test तथा English विषयलाई समावेश गरी बहुविद्यायुक्त उमेदवारको छनौटमा जोड दिइएको छ। सीप परीक्षण अन्तर्गत Computer Test लाई पाठ्यक्रममा समावेश गरी E-Governance द्वारा चुस्त दुरुस्त सेवा दिने प्रयास गरिएको छ। साथै Multi Diversity Knowledge प्राप्त गर्न ऐच्छिक पत्रको व्यवस्था

गरिएको छ । लोक सेवा आयोगको परीक्षा प्रणालीलाई प्रभावकारी बनाई उच्च, सक्षम, दक्ष र गुणात्मक मानव साधन भित्र्याउनको लागि निम्न विषयमा सुधार गर्नुपर्ने देखिन्छ ।

- आन्तरिक बढुवा र खुला प्रतियोगितावाट हुने पदपूर्तिमा दुवैतर्फ समान शैक्षिक योग्यता कायम गर्नुपर्ने ।
- लेखा तथा राजस्व समूहको लागि व्यवस्थापन संकायको विषयलाई मात्र शैक्षिक योग्यता निर्धारण गर्नुपर्ने ।
- पाठ्यक्रममा समसामयिक सुधार गरी सैद्धान्तिक भन्दा व्यवहारिक पक्षलाई बढि जोड दिने ।
- फरक फरक विषयको विचमा हुने विचलनलाई कम गर्न ऐच्छिक पत्रको अंकभार कम गरी समसामयीक र कार्यस्थलमा लागू हुने विषयलाई महत्व दिने ।
- सामान्य ज्ञानको विषयलाई Criteria निर्धारण गर्ने ।

२) **निजामती सेवामा प्रवेश गर्नु पूर्वको आफ्नो कार्य अनुभव केहि भए उल्लेख गरिदिनुहोस् ।**

☞ निजामती सेवामा म मिति २०६९ मंसिर १७ गते लेखापाल पदमा प्रवेश गरें । सो भन्दा पहिले म व्यवस्थापन संकायमा स्नातकोत्तर गरी करिब तीन वर्ष १०+२ तहमा निजी क्षेत्रमा अध्यापन पेशामा संलग्न रहे । निजी क्षेत्रमा कार्यरत रहँदा सेवाको सुरक्षा, वृत्तिपथको व्यवस्था तथा निवृत्तिभरण जस्ता पक्षको अभावको महसुस भयो । राष्ट्रसेवक हुँन पाउँदाको गौरव, सार्वजनिक प्रशासन प्रतिको जनताको भरोसा तथा निजामती कर्मचारीको सामाजिक प्रतिष्ठा रहेका कारण यस सेवा प्रति मेरो आकर्षण बढेको हो । तीन वर्ष कोष तथा लेखा नियन्त्रक कार्यालय, स्याङ्जा तथा पोखरामा कार्यरत रही हाल राजपत्रांकित तृतीय श्रेणी राजस्व अधिकृतमा शिफारिश हुन सफल भएकी छु ।

३) **निजामती सेवामा दरखास्त पेश गर्ने महिला उमेदवारको संख्या दिन प्रतिदिन बढ्दै गएको छ । तर सिफारिशको स्थिति हेर्दा उल्लेखनीय सुधार हुन सकेको पाइँदैन । यसको लागि प्रतिस्पर्धामा सुधार गर्न के कस्ता उपायहरु अवलम्बन गर्नुपर्ला ? सुझाव दिनुहोस् ।**

☞ निजामती सेवामा महिलाको उपस्थिति अत्यन्त न्यून रहेको अवस्थामा राज्यले समावेशीकरणको निति अवलम्बन गरेपछि यसमा क्रमिक रुपमा सुधार आएको पाइन्छ । हाल निजामती सेवामा महिलाको संलग्नता करिव १७ प्रतिशतको हाराहारीमा रहेको छ, यद्यपी आधा आकाश ढाक्ने जनसंख्याको तुलनामा यो उपस्थिति ज्यादै न्यून हो । पछिल्लो समयमा दरखास्त दिने महिला उमेदवारको संख्या बढ्दै गए पनि विविध कारणले गर्दा सिफारिश संख्यामा अपेक्षित नतिजा हासिल गर्न सकिएको छैन । तसर्थ निम्न उपायहरु अवलम्बन गरी महिलाको प्रतिस्पर्धात्मक क्षमता बढाउन सकिन्छ ।

- समावेशी समूह भित्र पनि आर्थिक तथा सामाजिक रुपले पछाडी परेका महिलाको लागि आरक्षण र सकारात्मक विभेदको व्यवस्था गरी विद्यमान नीतिमा परिमार्जन गर्ने ।
- समावेशी समूहको एउटै व्यक्तिले पटक पटक आरक्षणको सुविधा लिन नपाउने नीति अवलम्बन गर्ने ।
- महिलाको लागि प्रदान गरिने निःशुल्क तयारी कक्षाहरु सुविधा सम्पन्न र केन्द्रीय स्तरमा मात्र सीमित नराखी जिल्लास्तरसम्म पुऱ्याउने ।
- लोक सेवा आयोगवाट दरखास्त फाराम भर्ने सुविधा जस्तै परीक्षा केन्द्र पनि जिल्लास्तरसम्म संचालन गर्ने ।
- उच्च शिक्षा प्रदान गर्ने निकायहरुविच समन्वय गरी महिलाको लागि अभिमुखीकरण कार्यक्रमहरु संचालन गर्ने ।
- महिलाको शैक्षिक स्तर वृद्धि गरी सशक्तिकरणमा जोड दिने ।

४) **लोक सेवा आयोग र निजामती सेवा महिलामैत्री हुन थप के कस्ता पहल हुन आवश्यक ठान्नुहुन्छ ? उपायहरु बताईदिनुहोस् ।**

☞ लोक सेवा आयोगको परीक्षा प्रणालीको निष्पक्षता तथा सेवाको सुरक्षा आदिको कारणले गर्दा निजामती सेवा प्रति महिलाको आकर्षण बढ्दो छ । महिलाहरु माथि पारिवारिक कार्यबोझ बढी हुनु तथा Biological Factor को कारण पुरुषको तुलनामा सेवा प्रदान गर्दा अनेक कठिनाईहरु उत्पन्न हुने गरेका छन् । तसर्थ निजामती सेवा र लोक सेवा आयोग महिलामैत्री हुनको लागि निम्न पहलहरु हुन आवश्यक छ ।

- लोक सेवा आयोगले महिलाको लागि पायक पर्ने जिल्लामा परीक्षा सञ्चालन गर्ने ।
- भौगोलिक क्षेत्रमा काम गरेवापत प्राप्त हुने अंकमा महिलाको लागि कार्यकालको सेवा अवधि कम गर्ने ।
- प्रत्येक जिल्लामा निजामती कर्मचारीको लागि शिशु स्याहार केन्द्रको स्थापना गर्ने ।
- महिला निजामती कर्मचारीले प्राप्त गर्ने बेतलबी शिशु स्याहार विदाको अवधीलाई थप गर्ने ।
- महिला कर्मचारीको सिफारिश तथा सरुवा गर्दा घरपायकको स्थानलाई प्राथमिकता दिने ।

५) **आयोगको परीक्षा प्रणाली र अन्य विषयमा गर्नुपर्ने सुधारहरु केही भए दर्साइ दिनुहोस् ।**

☞ योग्यतामा आधारित भर्ना र छनौट प्रणाली कर्मचारी प्रशासनको मुटु हो । निजामती सेवामा लोक सेवा आयोग यहि मुटुको अनिवार्य अवयवको रुपमा रहेको छ । यसको स्थापना कालदेखि हालसम्म योग्यतम मानवीय साधनको छनौट गर्ने कार्यमा तथा योग्यता प्रणालीको पहरेदारको रुपमा लोक सेवा आयोग रहदै आएको छ । सरकारी

सेवामा प्रवेश गर्न चाहने दक्ष व्यक्तिहरुको लागि सेवा प्रवेशको निष्पक्ष कार्य गर्ने यो सम्मानित संस्था भरोसाको केन्द्रको रुपमा रहेको छ । आयोगको परीक्षा प्रणालीलाई थप प्रभावकारी बनाउन निम्न पक्षमा ध्यान दिनुपर्ने देखिन्छ ।

- Positive Recruitment को अवलम्बनवाट Talent Hunt गर्ने ।
- परीक्षार्थीले प्राप्त गरेको प्राप्ताङ्क सम्बन्धित परीक्षार्थीलाई उपलब्ध गराउने व्यवस्था गर्ने ।
- आयोगको पदपूर्ति सम्बन्धी स्वीकृत वार्षिक कार्यतालिका अनुरुप परीक्षाफल प्रकाशन गर्ने ।
- शैक्षिक संस्था तथा नेपाल सरकारका अन्य संस्थानसँग समन्वय गरी परीक्षा मितिमा सामञ्जस्यता कायम गर्ने ।

राजपत्र अनंकित श्रेणीहरुको उत्तरपुस्तिकाहरु पनि कार्यालय परिसर भित्रमात्र परीक्षण गर्न पाउने व्यवस्था  गर्ने ।

## संयुक्त तथा एकीकृत परीक्षा प्रणाली अनुसार राजपत्राङ्कित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह (अप्राविधिक) पदको लागि आयोगले लिएको परीक्षामा सफल भई नेपाल न्याय सेवा, अन्तर्गत कानून समूहमा खुलातर्फबाट सिफारिश हुनुभएका श्री विश्वदीप वेस्रा



श्री विश्वदीप वेस्रा

१) **राजपत्रांकित तृतीय श्रेणी (अप्राविधिक) तर्फको संयुक्त तथा एकीकृत परीक्षा प्रणाली अनुसार आयोगले लिएको शाखा अधिकृत वा सो सरह पदमा सफल भई नेपाल न्याय सेवा अन्तर्गत कानून समूहमा सिफारिश हुनु भएकोमा बधाई छ। के-कस्तो प्रेरणा तथा कारणले निजामती सेवामा प्रवेश गर्ने इच्छा भएको हो ? स्पष्ट गरिदिनुहोस्।**

☞ म युएसएडमा ९ महिना इन्टर्नसिप गर्दा त्यहाँ वातावरण शाखामा काम गर्ने जयपाल सिंह सरले देशको सेवा गर्ने हो भने त निजामती सेवामा प्रवेश गर्नुपर्ने सुझाव दिनु भयो त्यहाँ राम्रो काम गरियो भने देशको नेतृत्व तह सम्म पुग्न सक्ने कुरा सुनाउनु भए पछि म निजामती सेवा प्रवेश गर्न उत्प्रेरित भएको हो । त्यस पश्चात् निजामती सेवाका सम्बन्धमा बुझ्दा यो एक किसिमको सम्मानित, स्थायित्व, निरन्तरता र सुरक्षाको प्रत्याभूति भएको पेशा लाग्यो । निजामती सेवामा प्रवेश गरेका अध्ययनशील र मेहनत गर्ने मानिसले देशको लागि निकै राम्रो काम गरेका र आफ्नो व्यक्तिगत जीवनलाई पनि अनुशरणीय बनाएको पाएँ । यस पेशामा आफ्नो ज्ञान, सिप र क्षमतालाई अभिवृद्धि गुर्नका साथै देशको सेवामा पनि समर्पित हुन सकिन्छ भनेर यो सेवामा प्रवेश गर्ने इच्छा जागेको हो ।

२) **यहाँलाई सरकारी सेवा प्रवेशका लागि प्रेरणाको स्रोत केही भए उल्लेख गरिदिनुहोस्।**

☞ मेरो सरकारी जागिरको लागि प्रेरणाको स्रोतको रुपमा सर्वोच्च अदालतका वर्तमान सम्माननीय प्रधान न्यायाधिश श्री कल्याण श्रेष्ठ हुनुहुन्छ । उहाँले न्यायाधिशको रुपमा गरेको फैसलाहरु कानूनी राज्य स्थापना गर्न, तथा जनतालाई साँच्चिकै न्याय दिलाउने प्रकृतिको पाउन सकिन्छ । उहाँको फैसला अध्ययन गर्दा उहाँले देश र जनतालाई न्याय दिलाएको आभास हुन्थ्यो र यस प्रकारको कानूनी व्याख्या तथा न्यायका नविन अवधारणालाई नेपाली न्यायीक कानूनी राज्य स्थापना गर्नुका साथै मानव जीवनमा न्यायको अनुभूति गराउँदो रहेछ भन्ने मलाई अनुभव भएको हो । त्यसैले अन्यायमा परेका व्यक्तिहरुलाई न्याय दिलाउन र देशलाई कानूनी राज्यको रुपमा विकास गराउनको लागि मैले सरकारी जागिरमा प्रवेश गर्ने चाहना राखेको थिएँ र प्रवेश गर्न सफल पनि भएँ। न्याय सेवामा प्रवेश गर्ने व्यक्ति सधैँ अध्ययनशील हुने गरेको पाएको छु। जसले गर्दा आफ्नो बौद्धिक क्षमता तथा कानूनी प्राविधिक सीपको पनि अभिवृद्धि हुने देखेकोले सरकारी जागिरमा प्रवेश गर्ने प्रेरणाको स्रोतको रुपमा यस्तै कुरालाई लिन सकिन्छ ।

३) **सतार जातिको परिचय दिँदै यस जातिको वर्तमान अवस्था, समस्या, सम्भावना र सुधारका पक्षहरु के-के हुन् ?दर्साइ दिनुहोस्।**

☞ सतार जाति नेपालको पूर्वी क्षेत्र झापा, मोरङ र सुनसरी जिल्लामा बसोवास गर्ने अतिसिमान्तकृत आदिबासी/जनजाति अन्तर्गतका जाति हुन्। वि.सं.२०६८ सालको जनगणना अनुसार यो जातिको जनसंख्या ५१,७३५ रहेको छ। यस जातिको प्रमूख पर्व सोहराय हो भने यिनीहरु प्रकृतिपूजक हुन् । यस जातिले अवलम्बन गर्ने धर्मलाई सारना भनिने गरिएको छ । सतारहरुको मुख्य पेशा कृषि भएता पनि यस जातिका धेरै जसो मानिसहरुको आफ्नै जग्गा जमिन रहेको पाँइदैन जसले गर्दा यिनीहरु कृषि र चिया बगान मजदुरको रुपमा जीविकोपार्जन गरिरहेका छन् । यो जातिका मानिसहरु आर्थिक, शैक्षिक, राजनीतिक र सामाजिक रुपमा पछाडि परे पनि आफ्नो भाषा र संस्कृति जोगाएका

छन् । त्रिभुवन विश्वविद्यालय समाज शास्त्र तथा मानव शास्त्र केन्द्रीय विभागले सन् २०१४ मा सञ्चालन गरेको ९७ जातिहरुको सामाजिक समावेशी सुचकांक प्रतिवेदन अनुसार यो जाति ८० औँ स्थानमा परेको छ । जस अनुसार यो जातिको वयस्क जनसंख्याको साक्षरता दर ३४.८ प्रतिशत रहेको छ । त्यसै गरि सरकारी सेवामा यो जातिको उपस्थिति धेरै न्यून छ भने राजनीतिमा नगन्य रहेको छ ।

यो जातिको मुख्य समस्याको रुपमा हेर्ने हो भने परम्परागत रुढीवादी संस्कृति, सामाजिक विभेद, जग्गामाथि आफ्नो स्वामित्व नहुनु, मोहीयानी अधिकार प्राप्त गर्न नसक्नु र आर्थिक अभावका कारणले शिक्षा प्राप्त गर्न नसक्नु रहेका छन् । सामाजिक र राजनैतिक चेतना कम भएकाले बाहिरी दुनियाँमा काम गर्न अथवा व्यवहार गर्न चाहँदैनन् । आफ्नो खेतीपाती पेशा बाहेक अन्य पेशा अपनाउन नसक्नु र विकासका अन्य आयामहरुलाई ग्रहण गर्न नसक्नु पनि समस्याकै रुपमा देख्न सकिन्छ । यसका साथै राज्यले अवलम्बन गरेका केही नीतिले आर्थिक र सामाजिक रुपमा पछाडि परेका वास्तविक पीडितहरुलाई राहत दिन सकेको छैन । उदाहरणका लागि अहिलेकै आरक्षण प्रणालीले यसरी पछाडि परेका समुदायलाई राज्यको मूलधारमा प्रवेश गराउन कठिन छ । यसले आरक्षण आकासको फल आँखा तरी मरको रुपमा मात्र रहेको छ ।

अधिकांश सन्थाल बसोबास गर्ने ठाउँमा विद्यालय रहेतापनि अभिभावकले जाँडरक्सी खाने, सामाजिक तथा साँस्कृतिक व्यवधान र बालबालिकाहरु स्कूल जाने उमेरमा काम गर्नुपर्ने भएकाले शिक्षाबाट बञ्चित हुनु परेको हो । यस जातिका बालबालिकाहरु प्राथमिक तहसम्मको पढाईमा अब्बल हुने गरेको पाइन्छ तर मा.वि. तहमा गए पछि विद्यालय छोड्ने र पढाई बिग्रने गरेको पाईन्छ । यसरी यस जातको विकासमा शिक्षाले मात्र ठूलो सम्भावना र अवसरको सिर्जना गर्न सक्छ जस्तो लाग्छ ।

त्यसैले यस समुदायका विद्यार्थीहरु विद्यालय निरन्तर जाने वातावरण बनाउनु पर्छ । समुदायमा जनचेतनाको स्तरलाई माथि उठाउन सकियो भने मात्र यस समुदायका बालबालिका शैक्षिक रुपमा सबल हुन सक्छन् । त्यसैगरि, यस जातिका बालबालिकालाई विशेष शैक्षिक कार्यक्रम सञ्चालन गर्नु पर्छ र यस समुदायमा सरकारी जागिर तथा विकासका सम्बन्धमा जनचेतना फैलाउन आवश्यक रहेको छ । जसले यस जातिको शैक्षिक अवस्थामा सुधार आई, विकासका विभिन्न आयामहरु ग्रहण गर्दै उनीहरुले आफ्नो सामाजिक, तथा आर्थिक विकास, राज्यका विभिन्न तहमा सहभागिता र आफ्नो हक अधिकारको उपभोग गर्न सक्षम हुन सक्छन् । साथै धेरै यस्तै अन्य पछाडि परेका समुदायहरुको लागि विशेष आरक्षण सहितका अन्य सशक्तिकरणको विशेष कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

**४) सरकारी जागिरको विभिन्न क्षेत्रका विभिन्न तह, श्रेणी र दर्जामा सतार समुदायको प्रतिनिधित्व के–कस्तो रहेको छ ? यसमा सुधार गर्न के पहलकदमी गर्नुपर्ला ?**

☞ यस समुदायको सरकारी जागिरमा प्रहरीमा २ सहायक निरीक्षक सहित २०/२५ जना, सेनामा १८/२० जना, शिक्षक सेवामा प्राथमिक विद्यालय तहका शिक्षकका रुपमा १५ जना र निम्न माध्यमिक विद्यालय तहमा २ जना कार्यरत रहेका छन् भने आदिवासी जनजाति उत्थान प्रतिष्ठानको ना.सु. पदमा १ जना, स्थानीय निकायको खरिदार १ जना, सह-लेखापाल १ जना, रेडियोलोजी (राजपत्र अनं. द्वितीय)-१ जना र निजामती सेवामा १ जना शाखा अधिकृत रहेका छन् ।

सरकारी जागिरमा प्रतिनिधित्व बढाउनका लागि सरकारी जागिर प्रवेश तयारी कक्षा संचालन गरि यस समुदायका व्यक्तिहरुलाई सशक्तिकरण गर्नुपर्छ । यसका साथै अहिलेको आरक्षण प्रणालीमा अतिसिमान्तकृत समुदाय तथा सरकारी सेवामा नगन्य संख्या भएका जातिहरुको नयाँ क्लष्टर (समूह) बनाई आरक्षणको व्यवस्था गर्नुपर्छ । यस्तो व्यवस्थाबाट मात्र लक्षित समुदायले आरक्षणको सुविधा लिन सफल हुन्छन् नभए आरक्षणका नाममा आर्थिक रुपमा सम्पन्न र सरकारी सेवामा पहिले देखिनै सहभागिता भएका र सुविधा पाएका केही समूदायले मात्र यसको फाइदा उठाउने देखिन्छ ।

**५) तपाइँको निजामती सेवा प्रवेशको यो सफलताले तपाइँले प्रतिनिधित्व गर्ने वर्ग, समूह र जातिमा के–कस्तो प्रभाव पर्दछ ? उल्लेख गर्नुहोस् ।**

☞ मेरो सफलताले मैले प्रतिनिधित्व गर्ने वर्ग, समूह र जातिमा अवश्य सकारात्मक उत्प्रेरणा थपेको छ । उनीहरु पनि यस्तो पछि परेको समूदायका व्यक्तिले पहिलो प्रयासमै सफलता पाउन सक्छ भने अरुले कसरी गर्न सकिदैन भनि प्रतिस्पर्धा गर्न उत्साहित हुनेछन् र केही भएका पनि छन् ।

**६) लोक सेवा आयोगको परीक्षासँग सम्बन्धित अन्य केही सान्दर्भिक विषयवस्तु भए बताइदिनुहोस् ।**

☞ लोक सेवा आयोगको परीक्षा निस्पक्ष र त्रुटिरहित ढंगबाट सञ्चालन हुन्छ भन्ने विषय आमजनमानसमा रहेको पाइन्छ । त्यसैले यसको विश्वसनियता सतप्रतिशत रहेको छ । यस परीक्षामा कसैको भनसुन र सोर्सफोर्स लाग्दैन सबैले आफ्नो क्षमता र विज्ञता प्रस्तुत गरी सफल हुने परीक्षा हो । यसले सरकारी सेवामा प्रवेश गर्नका लागि लिखित तथा मौखिक परीक्षा लिने गर्दछ । प्रयास नै सफलताको ढोका हो । त्यसैले म जस्तो समुदाय वा जातिको व्यक्तिहरुले राम्ररी तयारी गरी लोक सेवाको परीक्षामा संलग्न हुनुहोस् । खुलातर्फ नै नाम निकाल्ने गरि तयारी गर्नुहोस् खुलातर्फ सफल नभए आरक्षणतर्फ पक्का सफलता प्राप्त गर्नु हुनेछ ।

# संयुक्त तथा एकीकृत परीक्षा प्रणाली अनुसार राजपत्राङ्कित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह (अप्राविधिक) पदको लागि आयोगले लिएको परीक्षामा सफल भई नेपाल प्रशासन सेवा अन्तर्गत राजस्व समूहमा खुलातर्फबाट सिफारिश हुनुभएका श्री होमप्रसाद पराजुली


श्री होमप्रसाद पराजुली

१) **राजपत्रांकित तृतीय श्रेणी (अप्राविधिक) तर्फको संयुक्त तथा एकीकृत परीक्षा प्रणाली अनुसार आयोगले लिएको शाखा अधिकृत वा सो सरह पदमा सफल भई नेपाल प्रशासन सेवा अन्तर्गत राजस्व समूहमा सिफारिश हुनुभएकोमा बधाई छ। उक्त परीक्षाको लागि तोकिएको शैक्षिक योग्यता र निर्धारित पाठ्यक्रमका सकारात्मक विषय र सुधार गर्नुपर्ने विषयहरु के कस्तो महसुस गर्नु भएको छ ? सुझाव दिनुहोस्।**

☞ सर्वप्रथम धन्यवाद । राजपत्रांकित तृतीय श्रेणी (अप्राविधिक) तर्फको संयुक्त तथा एकीकृत परीक्षा प्रणाली समयानुकूल परिमार्जित र जनशक्तिको पूर्ति प्रवाह अनुकुल रहेको पाईन्छ। विश्वविद्यालय तहमा अध्यापन हुने विषयवस्तुलाई पाठ्यक्रमले आन्तरिकीकरण गरेको कारण निजामती सेवामा जुझारु एवं अब्बल युवाको आकर्षण बढ्न गएको पाइन्छ। यसले अन्ततोगत्वा निजामती सेवाको शुद्धिकरणलाई टेवा पुऱ्याउनुका साथै सेवा प्रवाहको गुणस्तर अभिबृद्धि हुनेमा दुईमत हुन सकिँदैन । शैक्षिक योग्यताको सम्बन्धमा यस पदका लागि तोकिएको स्नातक सरहको शैक्षिक योग्यता बजारको जनशक्ति उत्पादनको हिसाबले पनि सान्दर्भिक नै देखिन्छ। यद्यपि पाठ्यक्रमको विषयगत भारमा अन्तर उत्पन्न हुँदा सबै विषयको समानुपातिक प्रतिनिधित्व सुनिश्चित हुन सकेको पाईदैन । यस अलावा विश्वको कुनै पनि परीक्षामा अवलम्बन नगरिएको ऐच्छिक पत्रको १०० पूर्णाङ्कको वस्तुगत परीक्षा अलिक अव्यवहारिक देखिएको छ । यसलाई ५० पूर्णाङ्कमा घटाउनु उपयुक्त हुने महसुस गरेको छु । त्यसैगरी लेखन शैलीलाई भन्दा बढी स्मरण शक्तिको जाँच हुने अवस्था वस्तुगत परीक्षाले ल्याएको छ, जसले व्यक्तिको बौद्धिकताको मापन सहि रुपमा हुनेमा शंका गर्ने स्थान प्राप्त छ। यस विषयलाई समेत दृष्टिगत गर्नुपर्ने देखिन्छ। व्यक्तिमा अन्तरनिहित विवेचनात्मक शक्तिको परीक्षण हुनेगरी प्रशासनिक अभिरुचि परीक्षण भन्दा प्रवृतिगत परीक्षणका संरचनालाई पाठ्यक्रममा समावेश गर्नु वाञ्छनीय देखिन्छ।

२) **निजामती सेवामा प्रवेश गर्नु पूर्वको आफ्नो कार्य अनुभव केहि भए उल्लेख गरिदिनुहोस्।**

☞ म वि.सं. २०६६ सालमा निजामती सेवामा राजपत्र अनंकित द्वितीय श्रेणी, खरिदार पदबाट सेवा प्रवेश गरेको हुँ। सो भन्दा अघि कलेजमा अध्यनरत थिएँ।

३) **निजामती सेवामा गुणात्मक र मात्रात्मक रुपमा प्रतिस्पर्धा बढ्दै गएको छ। यसरी आकर्षण बढ्नुका पछाडि के कस्ता तत्वले भूमिका खेलेको ठान्नुहुन्छ ? अझै आकर्षण बढाउन के गर्नु उपयुक्त हुन्छ ?**

☞ नेपालको सन्दर्भमा निजी क्षेत्रले आशातित रुपमा रोजगारी प्रदान गर्न नसकेको सन्दर्भमा बढ्दो शैक्षिक बेरोजगारीलाई केही हदसम्म भएपनि न्यूनिकरण गर्न निजामती सेवाले अहम भूमिका खेलेको पाईन्छ। सेवाको स्थायीत्व, अवकाश पछिको सामाजिक सुरक्षा, जनसम्पर्क, बिदा, सामाजिक मर्यादा, सेवा प्रवेशमा लोक सेवा आयोगको निष्पक्षता, कार्यस्थलमा हुने अधिकारको अभ्यास, राज्यको प्रतिनिधित्वको अवसर, वृत्ति विकासका प्रशस्त अवसर आदि कारणले निजामती सेवामा जोसीला युवाको आकर्षण बढेको पाईन्छ। यस्ता कारणले निजामती सेवामा आकर्षण बढे सँगै प्रतिस्पर्धा समेत चुलिएको छ, जसले बजारमा रहेका गुणवान व्यक्तिलाई यस सेवामा प्रवेश गराई सेवाको गुणस्तर बढाउन मदत गर्ने अपेक्षा गर्न सकिन्छ। यस सेवालाई अझ बढी आकर्षणको केन्द्र बनाउन सूचना प्रविधिमैत्री तुल्याई कार्यवातावरणलाई विश्वसनिय बनाउनु जरुरी देखिन्छ। यस सेवामा रहेका भ्रष्टाचारजन्य विकृतिलाई निर्मूल बनाई जनताको विश्वासिलो सहयात्री बनाउन सके मेधावी प्रतिभा यस सेवामा आकर्षित हुने महसुस गरेको छु।

४) **धेरै प्रतिस्पर्धीहरुलाई उछिनेर अगाडि आउन लोक सेवा आयोगको परीक्षा तयारी कसरी गर्नु भएको थियो ? परीक्षामा सामेल हुन इच्छुक अन्य उमेदवारलाई परीक्षाको तयारी सम्बन्धमा केही सुझाव भए दर्साइ दिनुहोस्।**

☞ लोक सेवा आयोगको परीक्षा इतिहासमा नै सर्वाधिक प्रतिस्पर्धी बन्दै गएको सर्वविदितै छ। यस सन्दर्भमा परीक्षाको तयारी निकै नै कठिन र चुनौतीपूर्ण हुनु स्वभाविकै हो। मेरो सन्दर्भमा पाठ्यक्रममा

आधारित पाठ्यपुस्तक, विभिन्न अग्रज महानुभावहरुका सुझाव तथा निरन्तरको नमूना परीक्षा लेखनले सहयोगीको भूमिका खेलेको हो । विभिन्न पाठ्यपुस्तकबाट आफूलाई महत्वपूर्ण लागेका विषयको नोट बनाउने तथा सोको आधारमा थप परिष्करण, अभ्यास, नियमितताले नै सफलताको मार्गदर्शन गरेको महसुस गरेको छु । लोक सेवा आयोगको परीक्षा तयारी गर्नु हुने साथीहरुलाई निरन्तर अध्ययन, अभ्यास लेखन, निरन्तर अद्यावधिक हुने, ठोस र निष्कर्षात्मक अध्ययन गर्ने सुझाव दिन चाहन्छु ।

**५) सर्वसाधारणको अपेक्षा र आयोगले सो सम्बन्धमा सम्बोधन गर्नुपर्ने कुनै सान्दर्भिक विषय भए उल्लेख गरिदिनुहोस् ।**

☞ निजामती सेवाको अलावा सरकारी कोषबाट पारिश्रमिक पाउने सबै पदको परीक्षा लोक सेवाले नै लिनु पर्ने आमजनताको चाहना हो, जुन कुरा वर्तमान संविधानले समेत सम्बोधन गरेको छ । यसका लागि लोक सेवा आयोगको संरचनालाई फराकिलो तुल्याउनु जरुरी छ । म्यानुअल रुपमा फर्म भर्ने प्रणालीलाई अनलाईनमा रुपान्तरण गरेर लोक सेवा आयोग अझ जनमैत्री हुँदै गरेको देखिन्छ । समावेशीकरणको पुनरावलोकनका सम्बन्धमा लोक सेवा आयोगले क्रियाशीलता देखाउनु आवश्यक देखिन्छ ।

**६) आयोगको कर्मचारी पदपूर्ति सम्बन्धी कार्यका विषयमा उल्लेख गर्नुपर्ने अन्य केहि प्रासंगिक विषय भए उल्लेख गरिदिनुहोस् ।**

कर्मचारी पदपूर्तिका लागि सम्बन्धित निकायहरुमा रहेका रिक्त पद समयमा तथा सही तवरले माग नगर्ने परिपाटीलाई निरुत्साहन गर्न आयोगले नै निरीक्षण, अनुगमन कार्यलाई अझ प्रभावकारी बनाउनु पर्ने देखिन्छ । समयमा रिक्त पदपूर्तिका लागि नपठाउने, रिक्त पदहरु लुकाउने उपर निजामती सेवा ऐन, २०४९, नियमावली, २०५० लगायत प्रचलित ऐन, कानून बमोजिम कारवाही गर्न सकेमा धेरै प्रभावकारी हुने हुन्छ ।

## संयुक्त तथा एकीकृत परीक्षा प्रणाली अनुसार राजपत्राङ्कित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह (अप्राविधिक) पदको लागि आयोगले लिएको परीक्षामा सफल भई नेपाल प्रशासन सेवा, अन्तर्गत राजस्व समूहमा दलिततर्फबाट सिफारिश हुनुभएका श्री हुर्मतबहादुर मिजार


श्री हुर्मतबहादुर मिजार

**१) राजपत्रांकित तृतीय श्रेणी अप्राविधिक तर्फको संयुक्त तथा एकीकृत परीक्षा प्रणाली अनुसार आयोगले लिएको शाखा अधिकृत पदमा सफल भई नेपाल प्रशासन सेवा अन्तर्गत राजस्व समूहमा सिफारिश हुनुभएकोमा बधाई छ । उक्त परीक्षाको लागि तोकिएको शैक्षिक योग्यता र निर्धारित पाठ्यक्रमका सकारात्मक विषय र सुधार गर्नुपर्ने विषयहरु के कस्तो महसुस गर्नु भएको छ ? सुझाव दिनुहोस् ।**

☞सर्वप्रथम लोक सेवा आयोगले मलाई यो अवसर दिएकोमा धन्यवाद दिन चाहन्छु । दुई वर्ष अघि मात्र राजपत्रांकित तृतीय श्रेणी अप्राविधिकतर्फको पाठ्यक्रम परिर्वतन भएकोले यो वैज्ञानिक, व्यवहारीक र समयसापेक्ष देखिन्छ । एकीकृत परीक्षा प्रणाली भएकोले सवै परीक्षार्थीलाई एउटै पाठ्यक्रम पढेर पुग्ने पक्ष अत्यन्तै राम्रो छ । उमेदवारलाई प्रविधीमैत्री बनाउन कम्प्युटरको प्रयोगात्मक विषय समावेश गर्नु आफैमा सवल पक्ष हो । सामान्य ज्ञान, विश्व परिवेशका नवीनतम आयाम तथा समसामयिक विषय समावेश हुनुले परीक्षार्थीलाई उपयोगी सिद्ध भएको छ । यसले ज्ञानको दायरा फराकिलो बनाएको छ । यति हुँदा हुँदैपनि सुधार गर्नुपर्ने पक्षका सन्दर्भमा भन्नु पर्दा नयाँ विषय भित्र्याउने नाममा विषयलाई बढी सैद्धान्तिक बनाईको छ ।

चौथौ पत्र भिन्न भिन्न विषय भएको हुँदा परीक्षामा सोधिने प्रश्नको स्तरमा समानता नहुने हुन्छ । यसबाट योग्यताक्रम नै तलमाथि हुन जाने भएकोले यसतर्फ ध्यान दिनु पर्ने देखिन्छ । कम्प्युटरको प्रयोगात्मकको परीक्षा लिँदा एकैदिन एउटै प्रश्नबाट परीक्षा लिन सकिए प्रश्न सजिलो र अप्ठेरो भन्ने हुने थिएन ।

प्रारिम्भक लगायत मूल परीक्षाको समय अत्यन्त लामो भएको तथा अन्तिम नतिजा कुर्न झण्डै १ वर्ष नै लाग्ने जस्ता पक्षलाई पनि लोक सेवा आयोगले गम्भिरताकासाथ लिनुपर्छ ।

**२) के–कस्ता विषयवस्तुले गर्दा तपाइँ निजामती सेवातर्फ आकर्षित हुनु भएको हो ? निजामती सेवातर्फ प्रवेश गर्नुपूर्व आफ्नो कुनै कार्य अनुभव भएमा उल्लेख गर्नुहोस् ।**

☞ राजपत्रांकित तृतीय श्रेणी (अप्राविधिक) तर्फको शाखा अधिकृत पदमा नियुक्त हुनु अघि म वि.सं.२०६९ साल मंसीर १९ गतेदेखि नायव सुब्बा पदबाट निजामती सेवामा प्रवेश गरेको थिए । मेरो पहिलो

नियुक्ति दाङ तुलसीपुर कारागारमा जेलर पदमा भएको थियो । निजामती सेवामा सुनिश्चित भविष्य, सामाजिक प्रतिष्ठा, वृति विकासको अवसर, सेवाको निरन्तरता र आफ्नो रुचिको क्षेत्र जस्ता कारणले म निजामती सेवातर्फ आकर्षित भएकोहुँ ।

३) **सार्वजनिक प्रशासनमा समावेशी नीति कार्यान्वयन भएको झण्डै एक दशक पुग्न लागेको अवस्था छ । यस नीतिबाट दलित समूहमा आरक्षण पूर्व र आरक्षण पश्चात के–कस्तो परिवर्तन आएको महसुस गर्नु भएको छ ? उल्लेख गरिदिनुहोस् ।**

☞ नेपाल जस्तो विविधता भएको मूलुकमा समावेशी नीति लागु हुनु राम्रो पक्ष हो । राज्यको मूल प्रवाहमा आउन नसकेका वर्ग, लिङ्ग, जाती, समुदायलाई यस नीति मार्फत मूल प्रवाहमा ल्याउन सघाउ पुगेको छ । यसले राज्यप्रति अपनत्व, विश्वास र जिम्मेवारीको वृद्धि गरेको छ । पक्कैपनि यस नीतिबाट दलित समूहमा आरक्षणपूर्व र आरक्षण पश्चात सकारात्मक प्रभाव पारेको छ । नेपालको मानव विकास सुचकांकलाई हेर्ने हो भने सबैभन्दा पछाडी परेको वर्ग भनेको नै दलित समुदाय हो । संख्यात्मकरुपमा भएपनि समावेशी नीतिले दलित समुदायको निजामती सेवामा प्रतिनिधित्वको सुनिश्चिता प्रदान गरेको छ । यसले समग्र दलित समुदायले सार्वजनिक सेवाप्रति अपनत्वबोध गरेका छन ।

४) **दलित समूहको प्रतिनिधित्व गर्दै निजामती सेवाको अधिकृत स्तरको पदमा प्रवेश गर्नुभएपछि भएको अनुभूति र आफ्नो समुदायको विषयमा गर्न सकिने विषयका सम्बन्धमा यहाँको केही प्रस्ताव भए दर्साइदिनुहोस् ।**

☞ राजपत्रांकित तृतीय श्रेणी (अप्राविधिक) तर्फको शाखा अधिकृत परीक्षामा म दोस्रो प्रयासमा सफल भएको छु । अघिल्लो वर्ष अन्तर्वार्तासम्म पुगेर असफल भएको थिए । यस पटक मैले खुला र दलित दुबैतर्फ नाम निकाल्न सफल भएको थिए । आफ्नो समूहको प्रतिनीधित्व गर्दै प्रथम हुन पाउँदा अत्यन्तै खुसी लागेको छ । शाखा अधिकृत पदमा नियुक्त भएर आफुमा उत्साह वढेको छ नै अझै बढि जिम्मेवारीबोधको महसुस पनि गरेको छु ।

शाखा अधिकृतमा नियुक्त भएसँगै सार्वजनिक सेवा प्रवाहको सन्दर्भमा मैले व्यक्तिगतरुपमा मेरो समुदायको लागि केही गर्न सक्ने भन्ने कुरा हुदैन । यद्यपी मेरो समुदायलाई उत्प्रेरणा दिन, हौसला दिन, तथा मेहनत गर्दा दलित समुदायबाट पनि निजामती सेवामा प्रवेश गर्न सकिँदो रहेछ भन्ने सन्देश दिन भने सकिन्छ । एउटा दलित समुदायको मानिस प्रमुख जिल्ला अधिकारी वा सरकारी अधिकारी भयो भने सोही समुदायका पुरै जिल्लावासीले न्यायको अनुभूति गर्छन् । जुत्ता सिउँदै गरेको चमार वा सार्की अथवा आरनमा घन हानीरहेको कामीले आफ्ना छोराछोरीलाई पढाएर प्रमुख जिल्ला अधिकारी वा सरकारी अधिकारी बनाउन सकिने रहेछ भन्ने सम्भावना देखिन्छ । यस्तो किसिमको उत्प्रेरणा करौडौं खर्च गरिएको परियोजनाले पनि दिन सक्दैन । तसर्थ नीति निर्माण गर्दा दलित समुदायको सहभागीता तथा दलितमैत्री बनाउन पहल गर्न सक्छु ।

५) **नेपालमा दलित समुदायको वर्तमान अवस्था, समस्या, सम्भावना र सुधारका क्षेत्रहरु के–कस्तो रहेको देख्नुहुन्छ ? स्पष्ट पारिदिनुहोस् ।**

☞ दलित समुदाय अझै पनि राज्यको मूल प्रवाहमा समाहित हुन नसकेको समुदाय हो । आर्थिक, सामाजिक, साँस्कृतिक, राजनैतिक तथा शैक्षिक रुपमा पछाडि परेको वर्ग हो । अझै पनि उच्च सरकारी अधिकारीको रुपमा एक वा दुई जना वाहेक कोही पनि दलित समुदायको व्यक्तिलाई देख्न सकिदैन । समाजमा अझैपनि छोईछिटोको अवस्था कायमै छ । मन्दिर प्रवेशमा वन्देज, अर्न्तजातिय विवाह गर्दा गाँउ निकाला, सार्वजनिक धारा प्रयोगमा रोक तथा राजधानीमै जात नढाँटी कोठा पाउन मुस्किल परिरहेको सन्दर्भ हाम्रो सामु छिपेको छैन । जतिसुकै पढेको, सभ्य र असल किन नहोस् दलित जातिलाई दलित न हो भनेर हेलाहोचो गर्ने कुसंस्कार हाम्रो समाजमा जिवित नै छ । यसमा सुधारको सकारात्मक संकेत नदेखिका होईनन्, तर पर्याप्त छैनन् ।

दलित समुदायका समस्याहरु थुप्रै छन् । त्यो छुट्टै बहसको विषय हो । यहाँ मैले सरसर्ती केही समस्याहरु उल्लेख गरेको छु । दलित समुदायलाई विगत देखिनै राज्यले विभेदको सिकार बनाएको हो । जसका कारण आजसम्म आर्थिक, सामाजिक, राजनैतिक तथा शैक्षिक अवस्था अत्यन्तै कमजोर रहेको छ । जब उनीहरुको आर्थिक, सामाजिक, राजनैतिक तथा शैक्षिक अवस्था अत्यन्तै कमजोर हुन्छ तब उनीहरुले कसरी अवसर प्राप्त गर्न सक्छन ? महत्वपूर्ण प्रश्न यही नै हो । राज्यका सवै अंगमा उनीहरुको पहुँच पुग्न नसक्नु, आर्थिक, सामाजिक स्थिति कमजोर हुनु, शिक्षामा दलित सुमदायको अवस्था कमजोर हुनु नै अहिलेका मुख्य समस्याहरु हुन ।

राज्यले समावेशी नीति अवलम्बन गरेपछि विभिन्न संभावनाका ढोकाहरु खुलेका छन् । राज्यका हरेक तह र तप्कामा दलित समुदायको पहुँच पुग्न थालेको छ । १० वर्ष अघिको दलित समुदायको अवस्था र अहिलको अवस्थामा निश्चय नै केही गर्व गर्न लायक परिवर्तन भएका छन् यद्यपी पर्याप्त भने छैनन् । पछिल्लो समयमा आर्थिक, सामाजिक, राजनैतिक तथा शैक्षिक क्षेत्रमा केही सुधारका संकेत देखिएका छन् । अवसर पाएमा दलित समुदायले पनि केहि गरेर देखाउन सक्छ भन्ने कुरा विभिन्न तथ्यले पुष्टि गरिसकेका पनि छन् ।

दलित समुदायको विकासका लागि गर्नुपर्ने सुधारको क्षेत्र बृहत र व्यापक

छन् । तर म यहाँ छोटकरीमा प्रस्तुत गर्न चाहन्छु । उच्च तह सम्म निःशुल्क शिक्षा, स्थानीय देखि केन्द्रीय तहसम्म राजनैतिक सहभागिताको सुनिश्चितता, रुचि र योग्यताको आधारमा रोजगारीमा अवसर उपलब्ध गराउनु अत्यावश्यक देखिन्छ। यस्ता क्षेत्रमा सुधार भएमा दलित समुदायको अवस्था केही वर्षमै राम्रो हुने देखिन्छ साथै दलित समुदाय पनि कमजोर मानसिकताबाट माथि उठेर चुनौतीको सामना गर्दै अवसरको खोजीमा आफै लाग्नु पर्छ।

६) **दलित समूह र लोक सेवा आयोगको सन्दर्भमा केही प्रसङ्गहरु भए उल्लेख गरि दिनुहोस्।**

☞ लोक सेवा आयोगले निजामती सेवामा दलित समुदायको पहुँच सुनिश्चित गर्न निजामती सेवा ऐन, २०४९ अनुसार आरक्षित पदको नौं प्रतिशत कोटामा प्रतिशत निर्धारण गरी पदपूर्तिका लागि सूचना प्रकाशन गर्ने, परीक्षा संचालन गर्ने तथा सिफारिश गर्ने गर्दछ। यसले दलित वर्गलाई निजामती सेवामा प्रवेश गर्नलाई सहज बनाएको छ। आरक्षण अन्य वर्ग तथा समुदायले पनि पाएका भएपनि दलितले मात्रै पाएको जस्तो गरी आलोचना सुनिनु आफैमा दुःखद पक्ष हो। साथै आरक्षण कोटा अन्य समुदायले पाए पनि केवल दलितहरु जो आरक्षणबाट आएका हुन्छन्, उनीहरु कमजोर वा क्षमताविहीन हुन्छन् भन्ने कुतर्क पनि रहेको देखिन्छ जुन धारणा आफैंमा कमजोर छ। सार्वजनिक प्रशासनमा समावेशी नीति कार्यान्वयन भएको झण्डै एक दशक पुग्न लागेको अवस्थामा यसलाई पुनरावलोकन गर्न आवश्यक देखिन्छ। यसतर्फ लोक सेवा आयोगले सकारात्मक कदम चाल्ने अपेक्षा गरेको छु।

## संयुक्त तथा एकीकृत परीक्षा प्रणाली अनुसार राजपत्राङ्कित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह (अप्राविधिक) पदको लागि आयोगले लिएको परीक्षामा सफल भई नेपाल परराष्ट्र सेवामा आदिवासी/जनजाति तर्फबाट सिफारिश हुनुभएका श्री जिमसन रुम्दाली राई



श्री जिमसन रुम्दाली राई

१) **राजपत्रांकित तृतीय श्रेणी (अप्राविधिक) तर्फको संयुक्त तथा एकीकृत परीक्षा प्रणाली अनुसार आयोगले लिएको शाखा अधिकृत वा सो सरह पदमा सफल भई नेपाल परराष्ट्र सेवाबाट सिफारिश हुनुभएकोमा बधाई छ। उक्त परीक्षाको लागि तोकिएको शैक्षिक योग्यता र निर्धारित पाठ्यक्रमका सकारात्मक विषय र सुधार गर्नुपर्ने विषयहरु के कस्तो महसुस गर्नु भएको छ ? सुझाव दिनुहोस्।**

बधाई तथा प्रश्नको लागि धन्यवाद। लोक सेवा आयोगले लिने राजपत्रांकित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह पदको परीक्षाको लागि तोकिएको शैक्षिक योग्यता स्नातक (कुनै पनि विषयमा) रहेको छ। प्रारम्भिक पत्र पश्चातको पाठ्यक्रममा अनिवार्य रुपमा शासन प्रणाली र समसामयिक विषयहरु नामक दुई पत्रहरु र थप एक ऐच्छिक पत्र पनि समाविष्ट छ। आफ्नो शैक्षिक विषय वा रुचिको अन्य कुनै विषयमा ऐच्छिक पत्र छान्न पाउने सुविधा रहेको छ। साथै न्याय सेवा र परराष्ट्र सेवामा प्रवेश गर्न चाहनेहरुले क्रमशः एक र दुई थप पत्रहरुको परीक्षा दिनुपर्ने व्यवस्था रहेको छ। यो सन्तुलित पाठ्यक्रमको एक उत्कृष्ट नमूना हो भन्ने मलाई लाग्छ। शैक्षिक योग्यताको विश्लेषण गर्दा आयोगको शाखा अधिकृत सरहका प्रायः पदहरुका लागि अन्य व्यावसायिक तथा निजी संस्थाहरुभन्दा एक स्तर कम योग्यता आवश्यक रहेको देखिन्छ। तर यसले प्रतिस्पर्धीहरुको गुणस्तरलाई सम्झौता गर्ने ठाउँ दिएको छ जस्तो मलाई लाग्दैन। एक त हजारौं प्रत्यासीहरुका माझबाट छानिएर आउने व्यक्ति पक्कै अयोग्य हुन सक्दैन भने अर्को देशको शैक्षिक, सामाजिक र आर्थिक अवस्थालाई विश्लेषण गर्ने हो भने स्नातक तहको योग्यता ठिकै हो जस्तो लाग्छ। तर यो एक गतिशील विषय भएको हुँदा कालान्तरमा केही परिवर्तन भएमा आश्चर्य मान्नुपर्ने छैन।

पाठ्यक्रमको सबैभन्दा सुन्दर पक्ष भनेको ऐच्छिक विषय छनौट गर्न पाउने प्रावधान हो जस्तो लाग्छ। सबै विषयलाई उत्तिकै प्रतिस्पर्धात्मक बनाउन सुधारहरु गर्दै लानुपर्ने भने देखिन्छ। प्रारम्भिक परीक्षाको शत प्रतिशत प्राप्ताङ्क लिखित नतिजा प्रकाशन गर्दा जोडिने नयाँ व्यवस्थाले चाहि नवआगन्तुकलाई केही निरुत्साहित बनाएको हो कि जस्तो लाग्यो। त्यसलाई ५० प्रतिशतसम्म बनाउन सकिन्छ जसले गर्दा पछिल्ला परीक्षाहरुले पनि निर्णायक भूमिका खेल्न सकोस्। पछिल्लो चरणको अनलाइन दरखास्त प्रणालीले लोक सेवा आयोगको नयाँ आयामको पटाक्षेप गरेको छ। यसलाई निरन्तर सुधार गर्दै सरल र भरपर्दो बनाईनु जरुरी छ।

२) **परराष्ट्र सेवाको पदमा के-कति कारणले आकर्षित हुनु भएको हो ? यस पूर्वको कार्यअनुभव केही भए सो पनि उल्लेख गरिदिनुहोस्।**

परराष्ट्र सेवा आफैंमा एक गरिमामय सेवा हो जुन अन्य सेवाहरु

सरह आफैंमा महत्वपूर्ण छ । म यस सेवामा आकर्षित हुनुका केही व्यक्तिगत कारणहरु रहेका छन् । मेरो बुवा निजामती सेवा मै आबद्ध हुनु भएको हुँदा उहाँको सिफारिशमा परराष्ट्र सेवा पहिलो नम्बरमा हुन्थ्यो । सायद उहाँलाई यो एक उत्कृष्ट सेवा हो भन्ने लागेको हुनुपर्छ । अर्को कारण, एउटा घटनाले मलाई उत्प्रेरित गरेको थियो । म त्यसबेला पहिलो जागिरको क्रममा ओखलढुंगा जाँदै थिएँ, बाटो अत्यन्तै अप्ठ्यारो र यात्रुको भीड बढि भएकाले बसको यात्रा कष्टकर थियो । त्यसै बेला रेडियोले विदेशमा काम गर्न गएका नेपालीहरुले विभिन्न किसिमका समस्याहरु भोगिरहेको भन्ने किसिमको अत्यन्तै दारुण समाचार प्रसारण गर्दै थियो । मलाई त्यस समाचारले दुःखीत त तुल्यायो नै सँगै मैले के गर्न सक्छु होला भन्ने सोच्न पनि बाध्य पाऱ्यो र त्यही क्षणबाट मलाई परराष्ट्र सेवा प्रवेश गर्नुपर्छ भन्ने प्रेरणा मिल्यो ।

मेरो पूर्वकार्यानुभव भनेको मैले वि.सं.२०६९ सालदेखि ३ वर्षसम्म नेपाल सरकारका लागि लेखापाल भई कोष तथा लेखा नियन्त्रक कार्यालय, ओखलढुंगामा सेवा गरें ।

**३) आदिवासी/जनजाति समूहबाट कुटनैतिक तहको सेवामा प्रवेश गर्नु भएको छ । यस समुदायको सुधारको लागि हाल भइरहेका पहलहरु के–कस्ता रहेको महसुस गर्नु भएको छ ?**

समावेशीकरण लोकतान्त्रिक शासन प्रणालीको एक सुन्दर पक्ष हो । आदिवासी/जनजाती समूहमा ५९ वटा विभिन्न जातजातीहरु सूचीकृत छन् । त्यसमध्ये उच्च जीवनस्तर भएका नेवार र थकाली जस्ता उन्नत जातीहरु पनि छन् । मैले प्रतिनिधित्व गर्ने जाती राई भने सुविधाबाट वञ्चित समूहमा वर्गीकृत छ । अन्य सरह यस समुदायभित्र पनि उच्च शैक्षिक, आर्थिक जीवनस्तर भएकादेखि अति निम्न अवस्थाका व्यक्तिहरु पनि छन् । नेपालको सरकारी सेवामा समावेशीकरण लागू भएदेखि अत्यधिक मात्रामा यस समुदायका मानिसहरु सेवा प्रवेश गरेको तथ्याङ्क छ । यो तथ्याङ्कले यस समुदायको आर्थिक-सामाजिक स्थितिमा केही सुधार आएको हो कि भन्ने पुष्टि गर्छ । लोक सेवा आयोगको परीक्षामा बढि भन्दा बढि संख्यामा उत्तीर्ण गराउने लक्ष्य लिई यस समुदायको सामाजिक संस्था किरात, राई, यायोक्खा परिवारले निःशुल्क रुपमा परीक्षा तयारी कक्षाहरु सञ्चालन गरिरहेको पनि उल्लेखनिय छ ।

**४) परराष्ट्र सेवामा वृत्तिविकास र उत्प्रेरणाको सम्बन्धमा के–कस्तो अवसर विद्यमान छ ? सो सेवामा प्रतिस्पर्धामा आउन उमेदवारहरुले के कस्तो योजनाका साथ अध्ययन गर्नु उपयुक्त हुन्छ ? आफ्नो अनुभवका आधारमा सुझावहरु दिनुहोस् ।**

परराष्ट्र सेवा अन्तर्गत परराष्ट्र मन्त्रालय, राहदानी विभाग, कन्सुलर विभाग, विदेशस्थित नेपालका दूतावासहरु, महावाणिज्यदूतावास र स्थायी नियोगहरुमा कर्मचारीहरु पदस्थापन/सरुवा हुन सक्छन् । बढुवाको सम्बन्धमा निजामती सेवा नियमावली, २०५० मा व्यवस्था भए अनुसार नै हो भने सेवा, समूह सञ्चालन गर्ने कार्य परराष्ट्र मन्त्रालयले गर्ने गर्दछ । यस सेवामा रहँदा सर्वसाधारण जनतालाई राहदानी प्रदान गर्नेदेखि विदेशिएका नेपालीहरु सम्बन्धी प्रशासनिक कार्यहरु, विशिष्ट व्यक्तिहरुको विदेश भ्रमण/विदेशी अतिथिहरुको नेपाल भ्रमणसम्बन्धी, अन्य देश र अन्तर्राष्ट्रिय संस्थाहरुसँग व्यापार, सहयोग वा अन्य मामिलासम्बन्धी पनि कार्यहरु गर्नुपर्ने हुन्छ । यसरी हेर्दा गर्नुपर्ने कामको प्रकृतिमा अत्यन्तै विविधता रहेको छ । हामीलाई नेपाल सरकारले अन्य नयाँ अधिकृतहरुलाई दिइने सेवाप्रवेश तालिममा सहभागी नगराई सिधै पदस्थापन गराइएकाले हामीले “गर्दै र सिक्दै” को तरिका अपनायौं । तर भाषा तथा अन्य सेवासम्बन्धी तालिम आयोजना गरिने काम भइरहेका छन् । समय समयमा कर्मचारीको वृत्तिविकासका लागि भनेर विदेशमा समेत तालिममा पठाइने गरेको छ ।

मेरो अनुभव अनुसार प्रतिस्पर्धामा आउन आफ्नो तयारी निखार्नु बाहेक अरु धेरै गर्न सकिँदैन । प्रतिस्पर्धामा आफुले राम्रो गरेर मात्रै पनि ढुक्क हुन सकिँदैन भने कहिलेकाहीँ आफ्नो बिग्रँदा पनि अरुको तुलनामा कम बिग्रेको हुँदा सफल हुन सकिन्छ । तसर्थ यसमा हाम्रो हातमा रहेको कुरा भनेको आफुले सक्दो मेहनत गर्नु नै हो । तर मेहनत पनि Systematic ढंगले गर्दा समय, श्रम र पैसाको बचत गर्न सकिन्छ । एउटा निश्चय सुरुमै गर्नुपर्छ कि म के बन्न चाहन्छु सबैलाई लागू हुने गरी पढाईको छुट्टै Universal method हुँदैन । तर महत्वपूर्ण कुरा भनेको निरन्तरता हो । जति सुकै कठोर कार्य पनि निरन्तरताको अगाडि कोमल भएर पग्लन्छ ।

**५) आयोगसँग सम्बन्धित अन्य केही प्रासंगिक विषयहरु भए उल्लेख गरिदिनुहोस् ।**

म लोक सेवा आयोगको अधिकृत सरहको पदमा तेस्रो पटक दिएको परीक्षामा उत्तीर्ण भएको हुँ । पहिलो पटक परीक्षा दिनेसम्म मात्र भयो भने दोस्रो पटकमा अन्तर्वार्तासम्म पुगियो । तेस्रो पटकमा सबै परीक्षाहरु पार गरी आयोगको सिफारिश पाउन सफल भएँ । परीक्षार्थीहरुलाई लोक सेवा आयोगले पूर्वाग्रह र भेदभावबिना परीक्षण र मूल्यांकन गरी एक निष्पक्ष परीक्षकको रुपमा बनाएको छवि सबैका सामु सम्मानयोग्य छ र भविष्यमा यस छविलाई कायम गर्दै आयोग अझ स्निग्ध बन्दै जानेछ भन्नेमा म आशावादी छु ।

### सूचनामूलक लेख

## आयोगको सूचना तथा प्रकाशन शाखाका उपसचिव श्री गीताकुमारी होमेगाई र शाखा अधिकृत श्री सूर्यप्रसाद सापकोटाले लोक सेवा आयोगको विज्ञापन र परीक्षाका बारेमा सरोकारवालाहरुबाट बारम्बार सोधिने प्रश्नहरुको सम्बन्धमा तयार पार्नुभएको जानकारीमूलक विषयवस्तु

१. **अनलाइन (Online) दरखास्त सम्बन्धमा व्यक्तिगत विवरण (Personal Information) भनेको के हो ?**

आयोगको Online Application को Portal खोली Sign Up or Sign In गरेपछि उपलब्ध Page मा उमेदवारको नाम, ठेगाना, जन्ममिति, शैक्षिक योग्यता, तालिम, मोबाइल नं., Email ID सहितको खाली Field रहेको हुन्छ । सो अनुसार आफ्नो बारेमा भर्नु वा पुरा गर्ने विवरण व्यक्तिगत विवरण हुन् ।

२. **आयोगबाट आह्वान गरिएको अनलाईन दरखास्त प्रणाली (Online Application System) मार्फत दरखास्त दिने उमेदवारहरुबाट आफ्नो User Name र Password बिर्सिएको भनि फोन, इमेल प्राप्त हुने तथा व्यक्ति स्वयं आयोगमा आई गुनासो गर्ने क्रम बढि रहेको छ । यसका कारण तथा समाधानका उपायहरु के–के हुन सक्दछन् ?**

**क) उमेदवारले आफ्नो** User Name **र** Password **बिर्सिनुका कारणहरु**

- विज्ञापनमा उल्लेखित सूचना ध्यानपूर्वक नपढ्नु, नहेर्नु,
- आफ्नो User Name र Password सुरक्षित राख्नुपर्छ भन्ने पर्याप्त जानकारी नपाउनु तथा ख्याल नराख्नु,
- उक्त User Name र Password बारम्बार प्रयोगमा नआउनु, मोबाइलमा सन्देश आएको User Name र Password टिपेर सुरक्षित नराख्नु, Reset गरेको Password तुरुन्तै टिपेर सुरक्षित नराख्नु तथा प्रयोगमा नल्याउनु, मोबाइलको Message Delete हुनु ।
- उमेदवार आफैले Online Form नभर्नु, साथी आफन्त, साइवर तथा अन्यको सहयोगले भर्नु, त्यस्ता भर्ने पक्षले सम्बन्धित उमेदवारलाई User Name र Password उपलब्ध नगराउनु, सम्बन्धित उमेदवारले नमाग्नु, फर्म भरिदिने पक्षले समेत बिर्सनु ।

**ख) समाधानका उपायहरुः (उमेदवार स्वयंले देहायका विषयमा ध्यान पुर्‍याउनु पर्दछ ।)**

- विज्ञापनमा उल्लेखित सूचना तथा आयोगको वेबसाईटमा उपलब्ध अनलाईन फाराम भर्नेसम्बन्धी विवरण ध्यान दिएर पढ्ने
- फर्म भर्दा सकेसम्म आफैले भर्ने । अरु पक्षबाट भराएपनि आफ्नो User Name र Password टिपी सुरक्षित राख्ने ।
- अनलाईन फाराम भर्दा आफूले प्राप्त गरेको User Name र Password हरेक पटक फर्म भर्दा प्रयोगमा ल्याउनुपर्ने भएकोले यसको महत्व र आवश्यकतालाई मनन गरि सुरक्षित राख्ने, कहिलेकाहीँ त्यत्तिकै पनि Sign UP भएर प्रयोगमा ल्याइरहने ।
- दरखास्त फाराम भरिसकेपछि आफ्नो मोवाइलमा प्राप्त हुने Message अनुसारको Master ID, User Name तथा Password सुरक्षित राख्ने, सहज हुनेगरी परिवर्तन गर्ने, छुट्टै डायरीमा समेत टिपेर राख्ने ।

३. **कथंकदाचित User Name र Password बिर्सिएमा के गर्न सकिन्छ ?**

User ID र Password लाई व्यवस्थित गर्न नसकी विर्सिएको अवस्थामा सकभर Sign UP गर्दा सोधिएको प्रश्नहरुसम्मको आधार System बाट नै पत्ता लगाउन प्रयास गर्नुपर्दछ । कथंकदाचित सो प्रयास सफल नभएको अवस्थामा आयोगको केन्द्रीय कार्यालयमा उमेदवार स्वयं उपस्थित भई रु ५० दस्तुर बुझाई निर्धारित ढाँचामा निवेदन दिएको खण्डमा उमेदवारलाई Password उपलब्ध गराउने व्यवस्था छ । यस सेवाको लागि अब छिट्टै आयोगका सबै क्षेत्रीय निर्देशनालय, अञ्चल कार्यालयहरु तथा काठमाडौं उपत्यका दरखास्त संकलन केन्द्रमा पनि रु. ५०।- दस्तुर बुझाई निर्धारित ढाँचामा निवेदन पेश गरेमा Password, User Name प्राप्त गर्न सकिन्छ र यस सम्बन्धी निवेदनको ढाँचा आयोगको वेबसाईटबाट प्राप्त गर्न सकिने व्यवस्था छ ।

४. **अनलाईन (Online) दरखास्त भर्नुपूर्व उमेदवारले नजानी नहुने विषयहरु के के हुन् ? यी विषयहरु कसरी जानकारी पाउन सकिन्छ ?**

अनलाईन दरखास्त भर्नुपूर्व उमदेवारले जान्नुपर्ने कुराहरु धेरै रहेका छन् । जसमा आफूले आवेदन गर्न लागेको विज्ञापन, सो विज्ञापन गर्ने निकाय, कुन कुन समूह (खुला, समावेशी) मा आवेदन गर्न सकिन्छ ? अनलाईन दरखास्त भर्दा अपनाउनुपर्ने प्रक्रियाहरु, सोको लागि आवश्यक पर्ने विषयहरु (जस्तैः उमेदवारको Scan गरेको दस्तखत, फोटो) आवश्यक कागजातहरु, कुन Process

पश्चात कस्तो Message आउँछ, दरखास्त दस्तुर तिर्ने तरिका, स्थान, प्रवेशपत्र प्राप्त गर्न लाग्ने समय, निकाल्ने तरिका, यस विषयमा थप जानकारीका लागि सोधपुछ गर्न सकिने व्यक्ति वा निकाय, प्रयोगमा आएका शैक्षिक योग्यता, नागरिकताका प्रमाणपत्रको सुरक्षा (कतिपय उमेदवारहरुले प्रमाणपत्रहरुको सक्कल अनलाइन फर्म अरुबाट भराउँदा, साइबरमा, फर्म भराएको स्थानमा नै छुटेको भन्ने समेत व्यक्त गरेका), सफ्टवेयरको प्रयोग तरिका, आफूले भरेको विवरण थपघट गर्न सकिने नसकिने, संशोधन गर्न मिल्ने नमिल्ने परीक्षाको रोल नं, परीक्षा केन्द्र कायम हुने अवस्था र सो को जानकारी पाउने लगायतका विषयहरुमा उमेदवारले जानकारी नराखी नहुने हुन्छ ।

यसको विस्तृत विवरण आयोगले विज्ञापन गर्दाका बखत विज्ञापन हुने महिनाको अन्तिम बुधवार प्रकाशन हुने गोरखापत्र, सोही दिन प्रकाशन हुने आयोगको बुलेटिन, आयोगको वेबसाइट तथा आयोगका निकायहरु कर्मचारीहरुबाट जानकारी पाउन सकिन्छ । विज्ञापन प्रकाशन हुँदाको बखत गोरखापत्र, बुलेटिन तथा वेबसाइटमा गई ध्यानपूर्वक अध्ययन गर्नुपर्दछ ।

**५. Online दरखास्त दिएका उमेदवारले आफ्नो परीक्षाको लागि परीक्षा केन्द्र, रोल नं. तथा प्रवेशपत्र कसरी प्राप्त गर्न सकिन्छ? आयोगले यसरी जारी गर्ने प्रवेशपत्र कुन कुन प्रयोजनका लागि आवश्यक पर्दछ ।**

दरखास्त पेश गरी स्वीकृत भएका उमेदवारले आफ्नो User Name बाट Sign In गरी जुनसुकै स्थानबाट आफ्नो परीक्षा केन्द्र, रोल नम्बर तथा प्रवेशपत्र प्रिन्ट गरी सजिलै हेर्न सकिन्छ । लिखित, प्रयोगात्मक, सामूहिक छलफल लगायत अन्तर्वार्ता तथा सिफारिशको समयसम्म नै प्रयोगमा आउने हुन्छ । एउटा प्रवेशपत्र हराएमा आफ्नो User Name बाट Sign In गरि आवश्यक विवरण भरीसके पछि पुनः प्राप्त गर्न सकिन्छ ।

**६. के आन्तरिक प्रतियोगितात्मक परीक्षा बाहेक अन्य तरिकाले बढुवा हुने पदका लागि पनि दरखास्त अनलाइन मार्फत् नै बुझाउनु पर्ने हो? नभए यसको लागि कस्तो व्यवस्था रहेको छ ।**

हाललाई लिखित परीक्षा संचालन हुने किसिमका परीक्षाहरुको लागि मात्र अनलाईन दरखास्त प्रणाली प्रयोगमा आएको छ । लिखित परीक्षा संचालन हुने वाहेकका बढुवा प्रयोजनको लागि दरखास्त संकलन अनलाईन प्रणालीबाट गर्ने गरिएको छैन, म्यानुअल विधिबाट संकलन गर्ने गरिन्छ । कार्यक्षमताको मूल्याङ्कन तथा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनको आधारमा हुने बढुवाको लागि विज्ञापन हुँदा तोकिएको म्यादमा आयोगको क्षेत्रीय निर्देशनालयहरु तथा अञ्चल कार्यालयहरु एवं काठमाडौं उपत्यका दरखास्त संकलन केन्द्रमा तोकिएको दस्तुर बुझाई निर्धारित ढाँचामा आवश्यक पर्ने कागजात सहित दरखास्त बुझाउनु पर्ने व्यवस्था रहेको छ । यसको लागि आवश्यक पर्ने दरखास्त फाराम आयोगको वेबसाइट www.psc.gov.np मा उपलब्ध छ ।

**७. Online दरखास्त फाराम भर्दा दरखास्त दस्तुर कसरी कहाँ कहाँ बुझाउन सकिन्छ ? यसका प्रकृयाहरु के के हुन् ?**

अनलाईन दरखास्त जहाँबाट पनि भर्न सकिने कुरा स्पष्ट नै छ । फर्म Submit गरेपछि निश्चित रकम बुझाउन Master ID सहित विज्ञापन नं. र खुला/समावेशी कुन कुन समूहमा परीक्षा दिने हो सो विवरण सहितको रसिद देखिएपछि सो रसिदलाई प्रिन्ट गरेर (वा प्रिन्ट नगरेको खण्डमा आफ्नो Master ID उपलब्ध गराउनुपर्दछ) सो को Master ID नं. बुझाई आयोगको जुनसुकै कार्यालयमा गएर तोकिएको दस्तुर बुझाउनु पर्दछ । अप्राविधिक तर्फको शाखा अधिकृत, नायब सुब्बा, खरिदार पदको विज्ञापनको हकमा भने आयोगको कार्यालय रहेको जिल्ला बाहेक बाँकी ६१ वटा जिल्ला हुलाक कार्यालयहरुमा गएर पनि दस्तुर बुझाउने व्यवस्था रहेको छ ।

**८. आयोगबाट सञ्चालन हुने विभिन्न विज्ञापनहरुका परीक्षामा परीक्षा केन्द्र कहाँ कहाँ राख्न सकिन्छ ?**

आयोगका विज्ञापनहरुमा सम्बन्धित केन्द्र, क्षेत्र र अञ्चलको विज्ञापनमा परीक्षा केन्द्र कहाँ कहाँ रहने हो भनेर तोकिएको हुन्छ । यद्यपि Online Form भर्दा विज्ञापन छनौट गर्दा सो विज्ञापनको परीक्षा केन्द्र हुन सक्ने विभिन्न स्थानहरु देखिन्छन् । सो मध्ये आफूलाई अनुकुल हुने स्थानमा छनौट गरि फर्म Submit गर्न सकिन्छ । तर कुन विज्ञापनको परीक्षा कुन निकाय, (केन्द्रीयस्तर, क्षेत्रीयस्तर, अञ्चलस्तर) मा हुन्छ तथा आयोगले समय समयमा उपकेन्द्र समेत खडा गर्न सक्ने भएकोले सो बुझि परीक्षा केन्द्रको छनौट गर्नुपर्दछ । पछि लिखित परीक्षा सञ्चालन हुँदाका बखत सोही अनुसारको स्थानमा आयोगको सम्बन्धित केन्द्रीय कार्यालय, क्षेत्रीय निर्देशनालय वा अञ्चल कार्यालयहरुले निर्धारण गरेको परीक्षा भवनमा गई परीक्षामा सहभागी हुन सकिन्छ ।

**९. प्रत्येक विज्ञापनको लागि फरक फरक Master ID आवश्यक पर्छ कि पर्दैन ?**

एकपटक Master ID प्राप्त गरिसकेपछि लोक सेवा आयोगको विज्ञापनको हकमा सधैंभरीलाई सो Master ID कायम रहन्छ । एकपटक व्यक्तिगत विवरण पेश गरिसकेपछि सामान्यतया उमेदवारको संशोधित केही विवरणहरु शैक्षिक योग्यता, तालिम तथा अनुभव जस्ता कुराहरु थपघट हुँदा उमेदवार स्वयंले संशोधन गरी अद्यावधिक गर्नसक्ने व्यवस्था रहेको छ ।

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको सार्वजनिक निकायहरुले गर्नुपर्ने अग्रसक्रिय खुलासा (Proactive Disclosure) सम्बन्धी सार्वजनिक गरिएको विवरण :**

<table>
<tr><th>क.सं.</th><th>विवरण</th><th>व्यवस्था</th></tr>
<tr><td>१.</td><td>निकायको स्परुप र प्रकृति</td><td>संवैधानिक निकाय</td></tr>
<tr><td>२.</td><td>निकायको काम, कर्तव्य र अधिकार</td><td>नेपालको संविधान, धारा २४३ मा व्यवस्था भए बमोजिम ।</td></tr>
<tr><td>३.</td><td>निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण</td><td>विभिन्न पदका ३७७ जना (राजपत्रांकित श्रेणीतर्फ १२५, राजपत्र अनंकित श्रेणीतर्फ १६८ र श्रेणी विहीनतर्फ ८४), (कार्य विवरण धेरै पदको रहेकोले कार्यालयमा सम्पर्क गरी हेर्न सकिनेछ ।)</td></tr>
<tr><td>४.</td><td>निकायबाट प्रदान गरिने सेवा</td><td>माग तथा पदपूर्ति निरीक्षण, माग संकलन, प्रतिशत निर्धारण, विज्ञापन/सूचना प्रकाशन, परीक्षा सञ्चालन, अन्तर्वार्ता, छनौट तथा सिफारिश, संविधान तथा ऐन, नियममा उल्लेखित विषयहरु (नियुक्ति, बढुवा, विभागीय कारवाही, सामान्य सिद्धान्त, सेवा शर्त) मा परामर्श माग भई आएमा परामर्श प्रदान, बढुवा, उजुरी उपर टुंगो लगाउने आदि ।</td></tr>
<tr><td>५.</td><td>सेवा प्रदान गर्ने निकायको महाशाखा/शाखा र जिम्मेवार अधिकारी</td><td>
<table>
<tr><th>क्र. सं.</th><th>महाशाखा र महाशाखा प्रमुखको नाम</th><th>शाखाहरुको नाम</th><th>शाखा प्रमुखहरुको नाम</th></tr>
<tr><td rowspan="5">१</td><td rowspan="5">परीक्षा महाशाखा<br>सहसचिव<br>श्री केदारनाथ शर्मा</td><td>क) परीक्षा संचालन शाखा (प्राविधिक)</td><td>श्री इश्वरीप्रसाद अर्याल</td></tr>
<tr><td>ख) परीक्षा संचालन शाखा (अप्राविधिक)</td><td>श्री जगन्नाथ बराल</td></tr>
<tr><td>ग) लिखित परीक्षा नतिजा तयारी शाखा (प्राविधिक)</td><td>श्री रेणु श्रेष्ठ</td></tr>
<tr><td>घ) लिखित परीक्षा नतिजा तयारी शाखा (अप्राविधिक)</td><td>श्री सूर्यनाथ कोईराला</td></tr>
<tr><td>ङ) लिखित परीक्षा नतिजा प्रकाशन शाखा</td><td>श्री रमेश मैनाली</td></tr>
<tr><td rowspan="3">२</td><td rowspan="3">प्रश्नपत्र परिमार्जन एवं सिफारिश महाशाखा<br>सहसचिव<br>श्री लोकहरि पाण्डे</td><td>क) प्रश्नपत्र परिमार्जन शाखा (प्राविधिक)</td><td>श्री राजन राई</td></tr>
<tr><td>ख) प्रश्नपत्र परिमार्जन शाखा (अप्राविधिक)</td><td>श्री जानकीराम शर्मा बराल</td></tr>
<tr><td>ग) अन्तर्वार्ता तथा सिफारिश शाखा</td><td>श्री ज्ञानेश्वर भट्टराई</td></tr>
<tr><td rowspan="4">३</td><td rowspan="4">प्रशासन तथा योजना महाशाखा<br>सहसचिव<br>श्री शंकरप्रसाद पौडेल</td><td>क) प्रशासन शाखा</td><td>श्री झक्कप्रसाद आचार्य</td></tr>
<tr><td>ख) सूचना तथा प्रकाशन शाखा</td><td>श्री गीताकुमारी होमेगाईं</td></tr>
<tr><td>ग) आर्थिक प्रशासन शाखा</td><td>श्री दिपक लामिछाने</td></tr>
<tr><td>घ) योजना तथा समन्वय शाखा</td><td>श्री शिवराम न्यौपाने</td></tr>
<tr><td rowspan="2">४</td><td rowspan="2">परीक्षण प्रविधि तथा पाठ्यक्रम महाशाखा<br>मुख्य मनोविज्ञानवेत्ता<br>श्री खगेन्द्रप्रसाद सुवेदी</td><td>क) परीक्षण प्रविधि तथा अनुसन्धान शाखा</td><td>श्री सर्मुनलाल शाक्य</td></tr>
<tr><td>ख) पाठ्यक्रम तथा मूल्याङ्कन शाखा</td><td>श्री कृष्ण जि.सी.</td></tr>
<tr><td rowspan="2">५</td><td rowspan="2">कानून महाशाखा<br>सहसचिव<br>श्री राजीव गौतम</td><td>क) नीति नियम तथा अभिलेख शाखा</td><td>श्री सन्तोषप्रसाद दाहाल</td></tr>
<tr><td>ख) बढुवा उजुरी तथा विभागीय सजाय परामर्श शाखा</td><td>श्री टंकबहादुर महत</td></tr>
</table>
</td></tr>
<tr><td>६.</td><td>सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि</td><td>कामको प्रकृति अनुसार फरक फरक हुने । आयोगको नागरिक वडापत्रमा उल्लेख गरिएको ।</td></tr>
<tr><td>७.</td><td>निर्णय गर्ने प्रक्रिया र अधिकारी</td><td>छलफल, कार्यदल, टिप्पणी, प्रस्ताव । (नागरिक वडापत्रमा उल्लेख गरिएको)</td></tr>
<tr><td>८.</td><td>निर्णय उपर उजुरी सुन्ने अधिकारी</td><td>अधिकार प्रत्यायोजन अनुसार सहसचिवहरु, सचिव, आयोगका माननीय सदस्यहरु, माननीय अध्यक्ष, सम्बन्धित अदालतहरु</td></tr>
<tr><td>९.</td><td>सम्पादन गरेको कामको विवरण</td><td>माग तथा पदपूर्तिको निरीक्षण, माग संकलन, प्रतिशत निर्धारण, विज्ञापन, सूचना प्रकाशन, पाठ्यक्रम निर्धारण, शैक्षिक योग्यता निर्धारणमा सहयोग, परीक्षा सञ्चालन, उपयुक्त उमेदवारको छनौट तथा सिफारिश, बढुवा उजुरीको सुनुवाई, पदपूर्ति सम्बन्धी  सामान्य सिद्धान्तहरुको निर्माण, विभागीय कारवाही लगायत विषयमा परामर्श माग भई आएमा परामर्श प्रदान आदि ।</td></tr>
<tr><td>१०.</td><td>प्रमुख सूचना अधिकारीको नाम र थर</td><td>प्रमुख माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनाली<br>सचिव श्री विष्णुप्रसाद लम्साल, निमित्त सचिव श्री लोकहरि पाण्डे<br>सूचना अधिकारी - उपसचिव श्री गिताकुमारी होमेगाई,<br>सहायक सूचना अधिकारी -  शाखा अधिकृत श्री सूर्यप्रसाद सापकोटा</td></tr>
</table>

| | | |
|---|---|---|
| ११. | आयोगले आफ्नो कार्यसम्पादनका क्रममा आधार लिने गरेका ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | – नेपालको संविधान<br>– लोक सेवा आयोग ऐन, २०६६ तथा लोक सेवा आयोग नियमावली, २०६७<br>– निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५०<br>– नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्वास्थ्य सेवा नियमावली, २०५५<br>– व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६४ तथा व्यवस्थापिका-संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५<br>– विभिन्न सेवा, समूह सञ्चालन सम्बन्धी प्रचलित ऐन तथा नियमावलीहरु<br>– लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०६७<br>– लोक सेवा आयोगको निरीक्षण निर्देशिका, २०५१<br>– लोक सेवा आयोगको कार्य पद्धति दिग्दर्शन, २०७०<br>– लोक सेवा आयोगका पदाधिकारी एवं दक्ष/विज्ञ र कर्मचारीहरुको आचारसंहिता २०६९<br>– लोक सेवा आयोगबाट जारी विभिन्न निर्देशिका तथा लोक सेवा आयोगका समय-समयका निर्णयहरु<br>– सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु<br>– लोक सेवा आयोगबाट प्रतिपादित सिद्धान्तहरु<br>– अन्य प्रचलित ऐन, नियम र निर्देशिकाहरु |
| १२. | आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | आर्थिक प्रशासनसम्बन्धी विवरण सम्बन्धित शाखाबाट मासिक रुपमा आयोगको सूचना पाटीमा सार्वजनिक गर्ने गरेको |
| १३. | तोकिए बमोजिम अन्य विवरण | |
| (क) | अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण | Information and Communication Technology Development Project सन् २०१३ देखि एशियाली विकास बैंकको सहयोगमा सञ्चालन भइरहेको, आयोगका कामकारवाहीलाई Public Service Recruitment Management System (PSRMS) विकास गरी आयोगका कार्यहरु Automation मा लैजाने एवं आयोगबाट हुने विज्ञापनहरुमा Online आवेदन लिने प्रमुख उद्देश्य रहेको, हाल अनलाइन आवेदनका कार्यहरु कार्यान्वयनमा रहेको । |
| (ख) | सार्वजनिक निकायको वेवसाइट भए सो को विवरण | Website: www.psc.gov.np<br>Email: info@psc.gov.np |
| (ग) | सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सो को विवरण | आयोगको वेवसाइट www.psc.gov.np , हरेक बुधबार गोरखापत्रमा नियमित रुपमा (आवश्यकता अनुसार अन्य बारहरुमा पनि) आयोगबाट प्रकाशन हुने बुलेटिन (सूचनापत्र), रेडियो नेपाल (प्रत्येक बुधबार राती ९:०० बजेको समाचारपछि) मा प्रकाशन तथा प्रशारण हुने । |

**लोक सेवा आयोग अन्तर्गत निकायहरुका सूचना अधिकारीहरुको विवरण**

| क्र.सं. | निकायहरुको नाम | सूचना अधिकारीको पद, नाम र थर | कार्यालयको सम्पर्क नं. |
|---|---|---|---|
| १. | पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटा | शाखा अधिकृत, श्री अनिलराज शर्मा | ०२६-५२०१३०/५२०१५१ |
| २. | मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, काठमाडौं | शाखा अधिकृत, श्री गोविन्द कुँवर | ०१-४४१०७८२, ४४१०९६५, |
| ३. | पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा | शाखा अधिकृत, श्री जीतबहादुर क्षेत्री भट्टराई | ०६१-४६३१४५, ४६३५०६ |
| ४. | मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेत | शाखा अधिकृत, श्री नारायणप्रसाद गौतम | ०८३-५२०१०६ |
| ५. | सुदूरपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, दिपायल | शाखा अधिकृत, श्री भरत खनाल | ०९४-४४०१४७, ४४०१७८ |
| ६. | मेची अञ्चल कार्यालय, इलाम | शाखा अधिकृत, श्री जनार्दन कट्टेल | ०२७-५२००६२ |
| ७. | सगरमाथा अञ्चल कार्यालय, दिक्तेल | शाखा अधिकृत, श्री सबिता के.सी. | ०३६-४२०१७७ |
| ८. | जनकपुर अञ्चल कार्यालय, जलेश्वर | नायब सुब्बा, श्री मनिकुमार तामाङ | ०४४-५२०१४७ |
| ९. | नारायणी अञ्चल कार्यालय, हेटौंडा | शाखा अधिकृत, श्री श्यामसुन्दर श्रेष्ठ | ०५७-५२०३०२ |
| १०. | लुम्बिनी अञ्चल कार्यालय, बुटवल | शाखा अधिकृत, श्री नारायणप्रसाद आचार्य | ०७१-५४०२०७ |
| ११. | धवलागिरी अञ्चल कार्यालय, बाग्लुङ | शाखा अधिकृत, श्री गंगाधर पौडेल | ०६८-५२२६४७ |
| १२. | राप्ती अञ्चल कार्यालय, दाङ | शाखा अधिकृत, श्री तुलसा सेढाई | ०८२-५२००१३ |
| १३. | कर्णाली अञ्चल कार्यालय, जुम्ला | शाखा अधिकृत, श्री दशरथ बुढा | ०८७-५२०००८ |
| १४. | महाकाली अञ्चल कार्यालय, कञ्चनपुर | शाखा अधिकृत, श्री नन्दीराज ओझा | ०९९-५२१२०९ |
| १५. | काठमाडौं उपत्यका दरखास्त संकलन केन्द्र | शाखा अधिकृत, श्री प्रेमप्रसाद देवकोटा | ०१-४७७१२१४ |

# लोक सेवा आयोग

## केन्द्रीय कार्यालय, अनामनगर

## सूचना तथा प्रकाशन शाखा

### राजपत्रांकित तथा राजपत्र अनंकित विभिन्न श्रेणी/तहका पदहरुको पदपूर्ति सम्बन्धी आ.व.२०७२/७३ को वार्षिक कार्यतालिका

| क्र.सं. | श्रेणी/तह | पदपूर्तिको किसिम | प्रतिशत निर्धारण | विज्ञापन/सूचना प्रकाशन | परीक्षा सञ्चालन | लि.प.नतिजा | अन्तर्वार्ता र सिफारिश |
|---|---|---|---|---|---|---|---|
| १. | राजपत्रांकित विशिष्ट श्रेणी | बढुवा | आवश्यकता अनुसार | - | - | - | - |
| २. | विभिन्न सेवाका राजपत्रांकित प्रथम श्रेणीका प्राविधिक र अप्राविधिक पदहरु | खुला र आ.प्र. द्वारा | भदौ/असोज | असोज अन्तिम बुधबार | मंसीर | पुष/माघ | माघ/फागुन |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ३. | विभिन्न सेवाका राजपत्रांकित द्वितीय श्रेणीका प्राविधिक र अप्राविधिक पदहरु | खुला र आ.प्र. द्वारा | भदौ/असोज | असोज अन्तिम बुधबार | पुस/माघ | फागुन/चैत | चैत/वैशाख |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ४. | स्वास्थ्य सेवाका एघारौं र नवौं तहका पदहरु | खुला र आ.प्र. द्वारा | भदौ/असोज | असोज अन्तिम बुधबार | पुस/माघ | फागुन/चैत | चैत/वैशाख |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| ५. | विभिन्न सेवाका राजपत्रांकित तृतीय श्रेणीका प्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा | असोज/कार्तिक | कार्तिक अन्तिम बुधबार | माघ/फागुन | चैत्र/वैशाख | वैशाख/जेठ |
| | | आन्तरिक प्रतियोगिताद्वारा * | | | माघ/फागुन | चैत्र/वैशाख | वैशाख/जेठ |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा * | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ६. | स्वास्थ्य सेवाका आठौं तहका पदहरु | खुला प्रतियोगिताद्वारा | असोज/कार्तिक | कार्तिक अन्तिम बुधबार | माघ/फागुन | चैत्र/वैशाख | वैशाख/जेठ |
| ७. | स्वास्थ्य सेवाका सातौं तहका पदहरु | खुला र आ.प्र.द्वारा | असोज/कार्तिक | कार्तिक अन्तिम बुधबार | माघ/फागुन | चैत्र/वैशाख | वैशाख/जेठ |
| | | कार्यसम्पादन तथा अनुभवको मूल्यांकनबाट हुने समायोजनद्वारा | | | | | |
| ८. | विभिन्न सेवाका राजपत्रांकित तृतीय श्रेणीका अप्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा – प्रथम चरण | कार्तिक/मंसीर | मंसीर अन्तिम बुधबार | माघ | फागुन | |
| | | खुला प्रतियोगिताद्वारा – द्वितीय चरण | | | चैत्र | जेठ | असार |
| | | आन्तरिक प्रतियोगिताद्वारा* | | | चैत्र | जेठ | असार |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ९. | विभिन्न सेवाका राजपत्र अनंकित प्रथम श्रेणीका अप्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा – प्रथम चरण | मंसीर/पुस | पुस अन्तिम बुधबार | फागुन | चैत | |
| | | खुला प्रतियोगिताद्वारा – द्वितीय चरण | | | वैशाख | साउन/भदौ | भदौ/असोज |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| १०. | विभिन्न सेवाका राजपत्र अनंकित प्रथम श्रेणीका प्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा | पुस /माघ | माघ अन्तिम बुधबार | वैशाख | जेठ | असार |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ११. | स्वास्थ्य सेवाका पाँचौं तहका पदहरु | खुला र आ.प्र.द्वारा | पुस/माघ | माघ अन्तिम बुधबार | वैशाख | जेठ | असार |
| | | कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने समायोजनद्वारा | | | | | |
| १२. | विभिन्न सेवाका राजपत्र अनंकित द्वितीय श्रेणीका अप्राविधिक पदहरु | आ.प्र | माघ/फागुन | फागुन अन्तिम बुधबार | जेठ | भदौ/असोज | असोज/कार्तिक |
| | | खुला – प्रथम चरण | | | चैत | वैशाख | |
| | | खुला – द्वितीय चरण | | | जेठ | भदौ/असोज | असोज/कार्तिक |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| १३. | विभिन्न सेवाका राजपत्र अनंकित द्वितीय श्रेणीका प्राविधिक पदहरु | खुला र आ.प्र. द्वारा | फागुन/चैत्र | चैत्र अन्तिम बुधबार | जेठ | असार | साउन |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| १४. | स्वास्थ्य सेवाका चौथो तहका पदहरु | खुला प्रतियोगिताद्वारा | फागुन/चैत्र | चैत्र अन्तिम बुधबार | जेठ | असार | साउन |
| १५. | टाइपिष्ट | आ.प्र. द्वारा बढुवा | | साउन अन्तिम बुधबार | असोज | असोज/कार्तिक | असोज/कार्तिक |

* व्यवस्थापिका संसद सेवाको लागि मात्र ।